# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## चक्रघट्टा गाउँपालिका

सर्लाही




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## चक्रघट्टा गाउँपालिका

### सर्लाही




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## चक्रघट्टा गाउँपालिका

### सर्लाही

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी बेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय, मधेश प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५५

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
चक्रघट्टा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सर्लाही ।

**कैफियत सहितको राय**

हामीले चक्रघट्टा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू ६ करोड २६ लाख ५६ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १ करोड ५९ लाख २६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ३८ लाख ४७ हजार, नियमित गर्नुपर्ने रु. ९ लाख ३३ हजार र पेश्की रू. १ करोड १९ लाख ५० हजार रहेको छ । गाउँपालिकाको गतवर्ष सम्म रु १४ करोड ८६ लाख ७८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु २१ करोड १३ लाख ३४ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(हुमनाथ सुवेदी)
नायब महालेखापरीक्षक

## चक्रघट्टा गाउँपालिका, सर्लाही

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गीकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४२ | २०४ | ६२६५६ | ० | ० | ० | ४२ | २०४ | ६२६५६ | १५९२६ | ९३३ | ३३८४७ | ० | ० | ३४७८० | ११९५० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| चक्रघट्टा गाउँपालिका, सर्लाही | १४९३९० | ० | ७१२ | १४८६७८ | ० | ६२६५६ | २११३३४ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

**कार्यालय र स्थान :** चक्रघट्टा गाउँपालिका, सर्लाही

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | संजिव कुमार यादव | २०७९-३-२० | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | लालबाबु प्रसाद साह | २०७८-६-१९ | २०७९-३-१९ |
| कार्यालय प्रमुख | नागेन्द्र यादव | २०७७-६-१८ | २०७८-५-३० |
| लेखा प्रमुख | संजय कुमार ठाकुर | २०७८-९-२० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शिवशंकर प्रसाद कुशवाहा | २०७७-४-१ | २०७८-९-१९ |
| | | **बेरुजु रकम** | ६२,६५५,७६८ |

**स्थानीय तह :**

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | | १२,७३,१६,७८०.७ |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २९,३५,४१,४०८ | **चालु खर्च** | ३२,६६,६८,०७०.२९ |
| **प्रदेश सरकारबाट अनुदान** | ९५,०३,००० | **पूँजीगत खर्च** | २३,५६,८४,४४९.६८ |
| **राजश्व बाँडफाँट** | ६,८४,५१,९६७.५ | **वित्तीय/अन्य व्यवस्था** | १,१७,४३,३६८.४ |
| **आन्तरिक आय** | ४१,३२,८७२.७९ | | |
| **अन्य आय** | १५,०३,३५,५१०.९९ | | |
| **कुल आय** | ५२,५९,६४,७५९.२८ | **कुल खर्च** | ५७,४०,९५,८८८.३७ |
| **बाँकी मौज्दात** | | | ७,९१,८५,६५१.६१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय - स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिकामा ९ वडा,४९ सभा सदस्य २५.४१ वर्ग किलोमिटर क्षेत्रफल तथा २९,१६६ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षण - यस गाउँपालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०७९।९।२१ मा छलफल सम्पन्न भएको छ । छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन् ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु. ८५,९४,९१० असुली भई सञ्चित कोष दाखिला भएको छ।
<table>
<tr><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत भौचर १९२ बाट एक आपूर्तीकर्तालाइ भुक्तानी</td><td>१०९९७३</td></tr>
<tr><td>शिक्षाण सहयोग अनुदान वापत ३ विद्यालयलबाट</td><td>१२०२०२२</td></tr>
<tr><td>रामजानकी प्रा वि खोरीया</td><td>१०१९१५९</td></tr>
<tr><td>प्रा वि औरही तलब, राश नारायण प्रा वि</td><td>१८०००</td></tr>
<tr><td>विरेन्द्र चौधरीको कर वापत</td><td>७१२०</td></tr>
</table></td><td></td></tr>
</table>

| | |
|---|---|
| राम कैलाश यावदको भत्ता | २०००० |
| संजय ठाकुरको दैनिक भ्रमण भत्ता | १०८०० |
| पुनिता कुश्वाहाको दैनिक भ्रमण भत्ता | १००००० |
| सुजित कुमार सिंह भ्रमण भत्ता | ३४००० |
| विभिन्न वडाबाट | १६१४७१ |
| सफटवेयर फिर्ता | ३४७२१२५ |
| बिरबल चौधरीको पेश्की फिर्ता | २२००००० |
| सुति साडीको मू अ कर दाखिला | २४०२४० |
| जम्मा | ८५९४९१० |

४ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छः

**प्राप्ति भुक्तानी हिसाव**

| विवरण | यस वर्ष रु. | | | |
|---|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ६२,१०,५८,६८७.१६ | ३७,३४,५४,०३९.८८ | | ३७,३४,५४,०३९.८८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ६१,८४,७२,३१२.०० | ३७,३४,५४,०३९.८८ | ०.०० | ३७,३४,५४,०३९.८८ |
| ११००० कर | २९,८४,७४,३१२.०० | ७,०४,०९,६३१.८८ | ०.०० | ७,०४,०९,६३१.८८ |
| १३००० अनुदान | ३१,९९,९८,०००.०० | ३०,३०,४४,४०८.०० | ०.०० | ३०,३०,४४,४०८.०० |
| संघीय सरकार | ३०,५४,९५,०००.०० | २९,३५,४१,४०८.०० | ०.०० | २९,३५,४१,४०८.०० |
| प्रदेश सरकार | १,४५,०३,०००.०० | ९५,०३,०००.०० | ०.०० | ९५,०३,०००.०० |
| १४००० अन्य राजस्व | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख. अन्य प्राप्ति | २५,८६,३७५.१६ | | | |
| वितरण गर्न बाकी राजस्व | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | २५,८६,३७५.१६ | ०.०० | ०.०० | ०.०० |
| धरौटी | ०.०० | ०.०० | ०.०० | ०.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | ७३,९३,५८,६८७.१६ | ३९,३२,६९,३५२.२१ | | ३९,३२,६९,३५२.२१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ७३,६७,७२,३१२.०० | ३९,२३,६२,६४६.६१ | | ३९,२३,६२,६४६.६१ |

| | | | | |
|---|---|---|---|---|
| २१००० पारिश्रमिक / सुविधा | १०,७०,९७,०००.०० | ९,३६,७५,१३१.०४ | ०.०० | ९,३६,७५,१३१.०४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १२,०६,३६,०००.०० | ९,१२,७७,७७४.५० | ०.०० | ९,१२,७७,७७४.५० |
| २५००० सहायता (कगदकष्पथ० | १६,९२,०००.०० | १६,९२,०००.०० | ०.०० | १६,९२,०००.०० |
| २७००० सामाजिक सुरक्षा | ८९,२०,०००.०० | १५,००,०००.०० | ०.०० | १५,००,०००.०० |
| २८००० अन्य खर्च | १,२३,५०,०००.०० | ७१,९७,८०१.०० | ०.०० | ७१,९७,८०१.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | ४८,६०,७७,३१२.०० | १९,७०,१९,९४०.०७ | ०.०० | १९,७०,१९,९४०.०७ |
| घ. अन्य भूक्तानी | २५,८६,३७५.१६ | ९,०६,७०५.६० | | ९,०६,७०५.६० |
| कोषहरु | २५,८६,३७५.१६ | ९,६९,९७०.०० | ०.०० | ९,६९,९७०.०० |
| धरौटी | ०.०० | ०.०० | ०.०० | ०.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | (६३,२६४.४०) | | (६३,२६४.४०) |
| ङ. यो वर्षको बचत (न्युन) | (११,८३,००,०००.००) | (१,९८,१५,३१२.३३) | | (१,९८,१५,३१२.३३) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ११,८४,९२,८३९.१६ | | ११,८४,९२,८३९.१६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | (११,८३,००,०००.००) | ९,८६,७७,५२६.८३ | | ९,८६,७७,५२६.८३ |
| बैंक तथा नगद बाकी | | ९,८५,०३,०२६.८३ | | ९,८५,०३,०२६.८३ |

५

**वित्तीय विवरण** - गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।गाउँपालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । तर गाउँपालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१०,०३,८९९३६, र एकीकृत स्वास्थ्य पूर्वाधार विकास तर्फ रु.३,८६,६४,५०९.६१ गरी जम्मा रु.१३,९०,५४,४४५.६१ सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले गाउँपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ गाउँपालिकामा हुने सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

६

**फरक हिसाव** - यस गाउँपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा गाउँपालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी

<table>
<tr><td></td><td></td><td></td><td>रु.८८,२३,९४०।८४ , यस वर्षको प्राप्ति रु. १५,२५,१०,७१३।३२ यस वर्षको भुक्तानी रु. १८,०८,२६,५३६।०९ र बैङ्क मौज्दात रु.१,९३,१७,३७५.२३ फरक परेको छ । सुत्रमा गाउँपालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले गाउँपालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।
<table>
<tr><th>विवरण</th><th>गतवर्षको जिम्मेवारी</th><th>यसवर्षको प्राप्ति (आय)</th><th>यसवर्षको भुक्तानी (व्यय )</th><th>बैंक मौज्दात</th></tr>
<tr><td>सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)</td><td>११८४९२८३९.१६</td><td>३७३४५४०३९.८८</td><td>३९३२६९३५२.२१</td><td>९८५०३०२६.८३</td></tr>
<tr><td>एकीकृत आर्थिक विवरण अनुसार</td><td>१२७३१६७८०</td><td>५२५९६४७५३.२</td><td>५७४०९५८८८.३</td><td>७९१८५६५१.६</td></tr>
<tr><td>फरक</td><td>८८२३९४०।८४</td><td>१५२५१०७१३।३२</td><td>१८०८२६५३६।०९</td><td>१९३१७३७५.२३</td></tr>
</table>
गाउँपालिकाले विभिन्न श्रोतबाट आम्दानी भएको रकम तथा संचितिकोषबाट चालु, पुँजिगत लगायत विभिन्न खातामा स्थानान्तरण गरेको रकम बास्तविक आम्दानी र स्थानान्तरण बमोजिमकै सुत्रमा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । सुत्रमा आम्दानी बाँधिएको रकम सँग संचितकोष, चालु, पुँजिगतको बैंक विवरण भिडान गर्दा अधिकांश फरक पर्न गएको देखिन्छ । यसरी सुत्रमा रु ९,८५,०३,०२६.८३ मौज्दात देखिएकोमा बैंक मौज्दात विवरण र एकिकृत आय व्यय विवरणमा रु ७,९१,८५,६५१.६ मौज्दात देखिएको कारण शुत्रमा भन्दा बैंकमा रु. १,९३,१७,३७५.२३ घटी मौज्दात देखिएको छ । गाउँपालिकाले बैंक र सुत्रमा निकासा ट्रान्सफर अनुसारको प्रविष्टी नगरेको कारण मौज्दात रकममा फरक परेको देखिन्छ । बैंक र सुत्रमा फरक परेको कारण यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>फरक जिम्मेवारी- गाउँपालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । गत वर्षको एकीकृत आय व्यय विवरणमा अन्तिम मौज्दात रु.१२,९२,५४,३३७.५ रहेकोमा यो वर्षको एकीकृत आय व्यय विवरणमा शुरु मौज्दात रु.१२,७३,१६,७८० मात्र जिम्मेवारी सारेको देखिएकोले घटी जिम्मेवारी सारेको रु.१९,३७,५५७.५ को सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्ने रु</td><td></td><td>१,९३७,५५७</td></tr>
<tr><td>८</td><td></td><td></td><td>बैङ्क हिसाव विवरण- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार गाउँपालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । गाउँपालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार रु. ४,५४,४४,४७४.२ फरक परेको छ ।
<table>
<tr><th>खाता</th><th>स्रेस्ता अनुसार मौज्दात रु.</th><th>बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.</th><th>फरक रु.</th></tr>
</table></td><td></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>

| | | अषाढ ३२ | श्रावण १५ | |
|---|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ९५८८६९०९.७ | १२८७४११ | ६२०३५११६ | (९४५९९४९८.७) |
| चालु खर्च खाता | (१९४७५२.०७) | ६३५८७७०३ | ८७३२४९ | ६३७८२४५५.१ |
| पुंजीगत खर्च खाता | ४६२५००.०० | ६५९१५७०८ | २०११२१ | ६५४५३२०८.० |
| आन्तरीक अनुदान खाता | ० | २०५०००५ | २०५०००५ | २०५०००५ |
| प्रकोप व्यवस्थापन कोष | १२२८४०५.१६ | १२३४५६१ | १२३४५६१ | ६१५५.८ |
| धरौटी मौज्दात | ७३१९६४.०० | ४५९५७४९ | ४६९११४८ | ३८६३७८५ |
| आन्तरिक राजस्व खाता | ० | ३५०६७२४ | ३७३८८४२ | ३५०६७२४ |
| बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | १३८१६४० | ३५७१९३७ | १३८१६४० |
| | | | जम्मा | ४५४४४७४.२ |

गाउँपालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>सञ्चित कोषमा स्थानान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात पनि गाउँपालिकाको चालु खर्च खातामा रु. ८,७३,२४९ पुंजीगत खातामा रु. २,०१,१२१, आन्तरीक अनुदान खाता रु २०,५०,००५ आन्तरिक राजश्व खातामा रु. ३७,३८,८४२ , राजश्व बाँडफाँड खातामा रु.३५,७१,९३७ गरी रु. १,०४,३५,१५४ मौज्दात रहेकोमा २०७९।४।१० मा संचितकोषमा स्थानान्तरण गरेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>शसर्त अनुदान फिर्ता - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको गाउँपालिकाको यस वर्षको वित्तीय प्रतिवेदन ( म.ले.प.फा.नं २७२ ) को अनुसूची २१ फिर्ता गर्न बाँकी अनुदान जम्मा रु. ३,१२,९८,६९२.१५ देखाएकोमा गाउँपालिकाले संघिय तर्फ रु. ३,०९,२३,६९२ र प्रदेश तर्फ रु. ७५,००० गरी जम्मा रु.३,०९,९८,६९२ मात्र</td><td>३००,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | फिर्ता गरेको देखिएकोले बाँकी रु. ३,००,००० संघीय संचितकोष फिर्ता गर्नुपर्ने रु. | |
| ११ | | | **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले आन्तरिक लेखापरीक्षण गराएको छैन । गाउँपालिकाले अन्तरसरकारी अख्तीयारी तर्फको कार्यक्रमको मात्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदन पेश गरेको छ । लेखापरीक्षण योजना बमोजिम नमूना छनौट गरी लेखापरीक्षण गरेको हुँदा स्रेस्ताको जोड जम्मा तर्फ कार्यालयको जोड जम्मालाई नै आधार मानिएको छ । वित्तिय समानिकरण, शसर्त, राजश्व बाँडफाँड लगायत सबै कारोवारको त्रैमासिकरुपमा आन्तरिक लेखापरीक्षण नहुनाले आन्तरिक नियन्त्रण कमजोर हुने र श्रेस्तामा रहेको कमी कमजोरी समयमै सुधार गर्न नसकिने हुनाले आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउन समेत अन्तरीक लेखापरीक्षण गर्नुपर्दछ । अतः ऐन नियमको व्यवस्था अनुसार त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आर्थिक कारोवारलाई नियमित र पारदर्शी बनाउनु पर्दछ । | |
| १२ | | | **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः<br>• गाउँपालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।<br>• गाउँपालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।<br>• सञ्चालित योजनाको सूचनापाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।<br>• गाउँपालिकाले कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।<br>• गाउँपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। गाउँपालिकाले भ्रमण तथा अनुगमन वापत रु.४० लाख ६८ हजार खर्च लेखेकोमा अधिकांश भुक्तानीमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ गाउँपालिकाले रू. ३९ लाख ९९ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।<br>• गाउँपालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।<br>• गाउँपालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।<br>• गाउँपालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।<br>• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।<br>• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।<br>तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १३ | | २०७९-९-२१ | **आर्थिक कारोबारको लेखाङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NPSAS अनुसार प्रतिवेदन गर्नु पर्दछ । स्विकृत लेखा ढाँचामा देहायको बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प. फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । गाउँपालिकाले बैंक हिसाब मिलान बिबरण २१२, भुक्तानी दिन बाकी, प्राप्त रकमको मास्केवारी- २२२, सन्तुलन परिक्षण- २२५, बजेट रकमान्तर/कार्यक्रम संसोधनको बिबरण- ३०४, बस्तु तथा निर्माणको खरिद योजना- ३११, परामर्श सेवाको खरिद योजना- ३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता- ५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत- ५०७, बेरुजु लगत- ८०१, सम्परीक्षण गोश्वारा अभिलेख- ८०५, विद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण, परिबर्तन र स्थगन अभिलेख-९०२, भ्रमण गरेका सबै | |

| | | | | |
|---|---|---|---|---|
| | | | कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन । स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ । | |
| १४ | | | **गत विगतको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। गाउँपालिकाले पुँजिगत तर्फ गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी चालु र पुँजिगत तर्फ ३३ वटा योजनामा रु.५,८४,६७,८१० भुक्तानी दिएको छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ। | |
| १५ | | | **योजना तथा वजेट कार्यान्वयन** - गाउँपालिकाको योजना तथा बजेट कार्यान्वयनमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन्ः<br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा गाउँपालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा गाउँपालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।<br>• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु.१९ करोड ७० लाख भएकोमा प्रथम त्रैमासिकमा रु. ३ करोड ४८ लाख, दोश्रो त्रैमासिकमा रु. ५ करोड १७ लाख , तेस्रो त्रैमासिकमा रु. ५ करोड ८२ लाख, चौथो त्रैमासिकमा रु. ५ करोड २३ लाख र असार महिनामा रु. २ करोड ८२ लाख भएको देखिन्छ । वर्षान्तको खर्च उच्च रहेको छ ।आर्थिक वर्षको अधिक खर्च गर्ने प्रवृतिमा नियन्त्रण गर्नु पर्दछ।<br>• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा गाउँपालिकाले १९ करोड ७० लाख खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा गाउँपालिकाको विनियोजन ऐन,२०७८ अनुसार यस वर्ष थपघट समेत गाउँपालिकाको निर्णयबाट पुँजिगत तर्फको ३५ वटा योजना बाट ८० वटा योजनामा रु. ८ करोड ३३ लाख ७१ हजार थप घट गरी रकमान्तर गरेको छ । उक्त रकम पुँजिगत बजेटको तुलनामा ४२.३ प्रतिशत हुन्छ । आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।<br>उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ । | |
| १६ | | | **कानुन र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीयतहहरुले आफ्नो अधिकारक्षेत्र | |

<table>
<tr><td></td><td></td><td></td><td>भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीयतह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस गाँउपालिकाले हालसम्म १४ वटा ऐन निर्माण भएको विवरण पेश गरेको छ । पारीत भएका कानुनको कार्यान्वयन अवस्थाको बारेमा गाउँपालिकाले कुनै जानकारी उपलब्ध गराएको छैन। पारीत भएका कानुनहरुको कार्यन्वयन हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>योजनाको प्राथमिकीरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर गाउँपालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नानुसारका योजनामा वजेट विनियोजन गरेको छ।
<table>
<tr><th>योजना सङ्ख्या</th><th>कार्यान्वयन नभएको संख्या</th><th>२ लाख सम्मको</th><th>२ देखी ५ लाख सम्मको</th><th>५ देखी १० लाख सम्मको</th><th>१० लाख भन्दा बढीको</th></tr>
<tr><td>६३</td><td>९</td><td>४</td><td>१</td><td>१७</td><td>३२</td></tr>
</table>
गाउँसभाले पारित गरेको योजना मध्ये ९ वटा योजना कार्यान्वयन हुन नसकेको गाउँपालिकाले जनाएको छ । गाउँसभाले पारित गरेका योजनाहरु कार्यान्वयन हुन पर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी संख्या शुन्य रहेकोमा यो बर्ष परेका उजुरी १३ मध्ये १३ गोटानै फछ्र्यौट भई आगामी बर्षको लागि जिम्मेवारी सरेको छैन ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उप नियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउदा अधिकांशमा गुणस्तर परीक्षण गरेको छैन । निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनी आश्वस्त हुन सक्ने अवस्था छैन । नियममा तोकिए अनुसार सबै निर्माण कार्यको गुणस्तर परीक्षण गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><td>२०</td><td></td><td></td><td>दायित्व भुक्तानी - गाउँपालिकाले सबै दायित्व वर्षान्तमा फरफारक गर्नुपर्दछ । गाउँपालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तसम्ममा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर लगायतको रकम दाखिला गर्न बाँकी रु.६३,२६४ देखाएको छ । यकिन भई सकेको दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>शीर्षक</th><th>डेबिट</th><th>क्रेडिट</th><th>मौज्दात</th></tr>
<tr><td>नागरीक लगानी कोष</td><td>५,९४,४००.००</td><td>६,०१,६००.००</td><td>७२००.००</td></tr>
<tr><td>कर्मचारी संचय कोष</td><td>६३,४३,८०३.२०</td><td>६३,९९,८६७.६०</td><td>५६,०६४.४</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>६३,२६४.४०</td></tr>
</table>
</td><td>६३,२६४</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>जिन्सी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र भएको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छन् ।<br>क. गाउँपालिकाले गत विगत बर्षको मौज्दात रहेका र यस बर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । गाउँपालिकाले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ।संघीय सरकारको निर्देशन बमोजिम अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।<br>ख. यस गाउँपालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।<br>ग. नियमावलीको नियम ९९ बमोजिम जिन्सी निरीक्षण गरी जिन्सी श्रेष्ता अध्यावधिक गर्नुपर्नेमा सो समेत नगरेको तथा जिन्सी मौज्दातको प्रतिवेदन पेश गरेको छैन । गाउँपालिकाले जिन्सी निरीक्षण गरी सो को प्रतिवेदन पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>धरौटी - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६४ मा धरौटी रकमको गोश्वारा धरौटी खाता र व्यक्तीगत धरौटी खाता अध्यावधिक गर्नुपर्ने व्यवस्था छ । साथै स्थानीय तहको आम्दानी तथा खर्चको सम्पूर्ण रकम सूत्रमा अनिवार्यरुपमा प्रविष्टि गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छ ।</td><td></td></tr>
</table>

<table>
<tr><td>२२.१</td><td></td><td></td><td>कार्यालयले यस वर्ष धरौटी बापत भएको आम्दानी र फिर्ताको अभिलेख सुत्रमा प्रविष्टि गरेको छैन । कार्यालयले पेश गरेको एकीकृत आर्थिक विवरण म. ले. प. फारम २७२ को अनुसूची १५ मा देखिएको भिन्नता निम्नानुसार छ ।
<table>
<tr><th>व्यहोरा</th><th>शुरु मौज्दात</th><th>यस वर्ष आम्दानी</th><th>फिर्ता</th><th>बाँकी</th></tr>
<tr><td>एकीकृत आ.वि. अनुसार</td><td>४१०२४६७.९</td><td>१०३४२५०५.३</td><td>९७५३८२४.४</td><td>४६९११४८.८३</td></tr>
<tr><td>सुत्र अनुसार</td><td>९०६४६४</td><td>०</td><td>०</td><td>९०६४६४</td></tr>
<tr><td>फरक</td><td>३१९६००३.३</td><td>१०३४२५०५</td><td>९७५३८२४.४</td><td>३७८४६८४.८</td></tr>
</table></td><td></td></tr>
<tr><td>२२.२</td><td></td><td></td><td>गाउँपालिकाले धरौटीको बैंक नगदी तथा गोश्वारा भौचर हातले तयार गरी पेश गरेको तथा धरौटीको व्यक्तिगत अभिलेख तयार गरेको छैन । धरौटीको व्यक्तिगत अभिलेख खाता तयार गरी धरौटीको स्रेस्ता व्यवस्थित गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>पेश्की बाँकी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । गाउँपालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको म्याद नाघेको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.५२,६३,६२५ बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>नाम</th><th>पेश्की विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>श्रीजनता प्रा. वि. ४ सुन्दरपुर</td><td>दिवा खाजा</td><td>१९३७२५.</td></tr>
<tr><td>२</td><td>श्रीजनता मा. वि पडरिया</td><td>दिवा खाजा</td><td>२०२५००.</td></tr>
<tr><td>३</td><td>श्रीजनता मा. वि. औरही</td><td>दिवा खाजा</td><td>२४२३२५.</td></tr>
<tr><td>४</td><td>श्रीजनाता मा. वि. बेल्ही बजार</td><td>दिवा खाजा</td><td>१७६८५०.</td></tr>
<tr><td>५</td><td>श्री प्रा. वि. चक्रघट्टा गा.पा. ८ औरही</td><td>दिवा खाजा</td><td>१००५७५.</td></tr>
<tr><td>६</td><td>श्रीरामजानकी मा. वि. ९ खोरीया</td><td>दिवा खाजा</td><td>२३३५५०.</td></tr>
<tr><td>७</td><td>श्रीराशनारायण प्रा. वि. १ शिवनगर</td><td>दिवा खाजा</td><td>१३३६५०.</td></tr>
</table></td><td>५,२६३,६२५</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| ८ | श्रीहोस्टे हैंसे जनता प्रा. वि. पडरिया | दिवा खाजा | १६६०५०. |
| ९ | श्रीहोस्टे हैंसे जनता प्रा. वि. ५ पडरिया | शिक्षकदरवन्दी तथा अनुदान प्राप्त नगरेका विद्यालयहरुलाइ एकमुष्ठअनुदान | ९५०००० |
| १० | सत्येन्द्र राय | विपद ब्यबस्थापन | २५००००. |
| ११ | सत्येन्द्रराय | पदाधिकारीबैठक भत्ता | १५००००. |
| १२ | सत्येन्द्रराय | पदाधिकारीबैठक भत्ता | ३०००००. |
| १३ | रामसिंहासन राम | बिमातथा नवीकरण खर्च | २५००००. |
| १४ | नन्दलालसाह | मातृतथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा न्यानो झोलार निशुल्क गर्भपतन कार्यक्रम | ९३००००. |
| १५ | राशनारायणसाह | | २१००००. |
| १६ | बिरबलचौधरी | कृषिपशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम | १०००००. |
| १७ | बिरबलचौधरी | ईपिडेमियोलोजीरिपोर्टिङ | ६०००. |
| २० | बिरबलचौधरी | कृत्रिमगर्भाधान मिसन कार्यक्रम | २९४०००. |
| २१ | रामबहादुर साह | कार्यक्रम खर्च | ३७४४०० |
| | जम्मा | | ५२६३६२५ |

२४ **म्याद ननाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष ७ कार्यक्रमको निम्नानुसार फर्मलाई रु.३,९४,८३,२१६ पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी पेश्की फस्यौंट गर्नुपर्दछ ।

| क्र.सं. | नाम | पेश्की विवरण | रकम |
|---|---|---|---|
| १ | सोनि बिल्डर्स एण्ड ईन्जिनियरिंग | चक्रघट्टा देखि गोहियाही सम्म कालोपत्रे | ८९००००. |

<table>
<tr>
<td></td><td></td><td></td>
<td>
<table>
<tr><td>२</td><td>सोनिबिल्डर्स एण्ड ईन्जिनियरिग</td><td>गोइयाहीकालोपत्रे</td><td>९०००००.</td></tr>
<tr><td>३</td><td>ग्रिनवल्ड कन्स्ट्रक्सन प्रा.लि.</td><td>जनतामा. वि. पडरिया चक्रघट्टा -५</td><td>१७७१६५१.</td></tr>
<tr><td>४</td><td>ग्रिनवल्ड कन्स्ट्रक्सन प्रा.लि.</td><td>जनतामा.वि. बेल्ही चक्रघट्टा-२</td><td>१८३२७४२.</td></tr>
<tr><td>५</td><td>ग्रिनवल्ड कन्स्ट्रक्सन प्रा.लि.</td><td>जनताप्रा. वि. नयाँ बजार चक्रघट्टा-४</td><td>१७९२०१५.</td></tr>
<tr><td>६</td><td>प्रेरा एक्सीस एशियन जेभी</td><td>१५ बेड अस्पताल निर्माण</td><td>३०७९६८०८</td></tr>
<tr><td>७</td><td>सोनि बिल्डर्स एण्ड ईन्जिनियरिग</td><td>पडरिया-लखनदेही सडक स्तरोन्नती(क्रमागत आयोजना)</td><td>१५०००००.</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३९४८३२१६</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>२५</td><td></td><td></td>
<td>पेश्कीमा व्याज - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमवाली २०७७ को नियम ५० मा तोकिएको म्याद भित्र काम पुरा नभई पेश्की बाँकी रहन गएमा त्यस्तो बाँकी रकमको म्याद नाघेको मितिले बार्षिक १० प्रतिशतका दरले हुन आउने व्याज र साँवा एकमुस्ट बुझाउनुपर्ने व्यवस्था छ। विरवल चौधरीलाई माछा तथा बाखाको पकेट कार्यक्रम सञ्चालन गर्न भौचर १५२-२०७९/२/३० बाट २२ लाख पेश्की उपलब्ध गराएकोमा उक्त आर्थिक वर्षमा सो कार्यक्रम सञ्चालन नगरेको तथा लेखापरीक्षण अवधि मिति २०७९/८/२० मा उक्त पेश्की नगद नै फिर्ता गरेको छ। कार्यक्रम सम्पन्न गर्नुपर्ने म्याद २०७९ अषाढ मसान्त पश्चात म्याद नाघेको उक्त पेश्की रकममा बार्षिक १० प्रतिशतका दरले व्याज समेत असुल हुनुपर्ने रु</td>
<td>८५,५५५</td>
</tr>
<tr>
<td>२६</td><td></td><td></td>
<td>१५शैया अस्पताल भवन निर्माण - गाउँपालिकाले १५ शय्या अस्पताल भवन निर्माण गर्न बोलपत्र आह्वान गरी प्रेरा एक्सीस । एसियन जेभी को मु.अ.कर र पि.एस सहितको रु. १७,६५,१०,७१० को कबोल अंक स्वीकृत गरी निर्माण व्यवसायीसंग २०८१।११।२ सम्ममा कार्य सम्पन्न गर्ने गरी २०७८।११।२३ मा सम्झौता भएको छ ।यो वर्ष मोबिलाइजेशन पेश्की रु ३,०७,९६,८०८ र प्रथम रनिङ बिलको रु ७८,६७,७०१ भुक्तानी भएको छ। उक्त सम्झौता तथा पेश्की भुक्तानी सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन ।<br>क. वोलपत्र आह्वान गर्दा निर्माण व्यवसायीको विशेष अनुभवमा contacts of similar size and nature मा Havc and Madical oXygen plant सहितको ५ बर्ष भित्र दुइ सरकारी अस्पताल कम्तिमा १५ करोडको निर्माण गरेको हुनुपर्ने व्यवस्था छ ।साथै construction Key activities मा Medical oxygen plant and medical pipe line with medical furniture हुनुपर्ने उल्लेख छ। उक्त व्यवस्थाका कारण बोलपत्र दाखिला गर्ने ५ फर्ममध्ये २ फर्मले उक्त अनुभव पेश गर्न नसकेको कारण ३ फर्म मात्र प्राविधिक प्रस्तावमा सफल भएको उल्लेख छ । तिन फर्मको आर्थिक प्रस्ताव खोल्दा कम कवोल गर्ने प्रेरा एक्सीस । एसियन जेभीको</td>
<td></td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | मू.अ. कर र पि.एस सहित रु. १७,६५,१०,७१० को कवोल अंक स्वीकृत गरी २०७८।११।२३ सम्झौता गरेको छ ।निर्माण व्यवसायीको कामको गुणस्तरमा असर पर्ने नपर्ने व्यहोरा उल्लेख नगरी विशेष अनुभव राखेको कारण निर्माण कार्यमा पर्याप्त मात्रामा प्रतिस्पर्धा हुन सकेको पाइएन ।<br>**ख.** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२(क)२ मा पहिलो पटकमा स्वीकृत रकमको आधमा नवढ्ने गरी र वाँकी रकम कार्य प्रगतिको आधारमा दिन सकिने व्यवस्था छ ।तर गाउँपालिकाले १५शैया अस्पताल भवन निर्माणका निर्माण व्यवसायी प्रेरा एक्सीस । एसियन जे भीसंग २०७८।११।२३ मा सम्झौता गरेकोमा २०७८।११।३० गते रु २,००,००,००० र २०७९।१।९ मा रु १,०७,९६,८०८ गरी पुरै रकम अर्थात २० प्रतिशत रकम रु ३,०७,९६,८०८ पेश्की उपलव्ध गराएको छ ।१० प्रतिशत पेश्की रकम कार्य प्रगतिका आधारमा दिनुपर्नेमा कार्य प्रगति बेगरनै पुरै २० प्रतिशतनै पेश्की उपलव्ध गराएको छ । | |
| २७ | | | **जमानत जफत** - सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा ५ मा वोलपत्रमा छनौट भएका बोलपत्रदातले तोकिएको समयमा कार्यसम्पादन जमानत दाखिला गरी सम्झौता गर्न नआएमा निजको बोलपत्र जमानत जफत गर्ने व्यवस्था छ । साथै सोही ऐनको दफा ६३ मा यसरी सम्झौता गर्न नआउने निर्माण व्यवसायीलाइ कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाउने व्यवस्था छ ।यस गाउँपालिकाले ग्यास सिलीण्डर खरिद गर्न २०७८।१०।७ मा प्रकाशित बोलपत्रको सूचनामा एक मात्र बोलपत्रदाता न्यू लाइट एजेन्सी मलंगवा मु अ कर समेतको कवोल अंक रु १,२३,१५,३६१ को बोलपत्र स्वीकृत गरी ५ प्रतिशतले हुने धरौटी रु ६,१५,७६९ पन्ध्र दिन भित्र दाखिला गरी सम्झौता गर्न आउन २०७८।१२।२२ मा पत्र लेखिएकोमा निज संझौता गर्न आएको देखिएन ।सार्वजनिक खरिद ऐन २०६३ अनुसार निजले NCC बैंकमा राखेको रु ३,००,००० को बोलपत्र जमानत जफत गरी निजको फर्मलाई कालोसूचीमा राख्न लेखि पठाउनु पर्नेमा सो गरेको देखिएन ।तसर्थ उक्त फर्मलाइ कालोसूचीमा राख्न लेखी पठाइ निजले राखेको वोलपत्र जमानत जफत गरी गाउँपालिका संचित कोष दाखिला गर्नु पर्ने रु | ३००,००० |
| २८ | | | **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने विल भर्पाइ संलग्न हुनुपर्ने व्यवस्था छ । तर गाउँपलिकाले गो भौ नं १८९ मिति २०७९।३।२३ बाट वडा नं १ शिवगाउँ चोक देखि डोम हाउससम्मको सडक निर्माण वापतको निर्माण व्यवसायी विवेक निर्माण सेवालाइ रनिङ विल तथा नापी अनुसार दोश्रो तथा अन्तिम विलवाट रु २१,५६,००२ भुक्तानी दिनुपर्नेमा २३,८१,००२ भुक्तानी दिएवाट रु २,२५,००० बढि भुक्तानी भएको छ । उक्त रकम निर्माण व्यवसायीवाट असुल गर्नुपर्ने रु | २२५,००० |
| २९ | | | **प्रदेश पुँजीगत** - गाउँपालिकाले प्रदेश सरकारवाट हस्तान्तरित पुँजीगत कार्यक्रम अन्तरगत आथिक बर्षको अन्त्यमा भवन निर्माण | २,४२५,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | वापत जनता प्रा वि गोहीयाही ६ मा रु २४,२५,००० बिधालयको खातामा निकासा गरी बिधालयको खाता रोक्का गरेको छ । उक्त निकासावाट भएको निर्माणको कार्यप्रगति लेखापरीक्षणमा पेश हुन आएन । भवन निर्माणको प्रविधिक मूल्याङ्कन सहितको कार्य सम्पन्न प्रतिबेदन पेश हुनुपर्ने रु. | |
| ३० | | | **कोरोना रोग नियन्त्रणका समान खरिद-** गाउँपालिकाले कोरोना रोग नियन्त्रणका लागि रु ५४,९५,८२२ को लागत अनुमान तयार गरी बोलपत्र आह्वान गरेता पनि के कुन दररेटलाइ आधार मानी लागत अनुमान तयार गरिएको हो सो खुल्ने कागजात लेखापरीक्षणमा पेश भएको छैन ।बोलपत्रवाट सर्जिकल मास्क लगायत ५४ थरीका सामान खरिद गरी भौ नं ६४ मिति २०७८।८।१५ वाट स्काइ राइज ट्रेडिङलाइ रु ५४,५६,७३६ भुक्तानी दिएको छ ।उक्त स्वास्थ्य सामाग्री के कुन स्वास्थ्य संस्थालाइ वितरण गरेको हो सोको अभिलेख पेश भएन । खरिद गरिएका स्वास्थ्य सामाग्री वितरणको अभिलेख पेश हुनुपर्दछ । | |
| ३१ | | | **खरिदमा प्रतिस्पर्धा** - सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार सार्वजनिक निकायले प्रतिस्पर्धात्मक तवरले खरिद गर्नु पर्दछ।सोही ऐनको दफा २६.६ मा एक आपसमा मिलेमतो गरी दाखिला गरेको प्रमाणित भएमा त्यस्ता बोलपत्र रद्द हुने व्यवस्था छ ।गाउँपालिकाले यो बर्ष बोलपत्रको माध्यमवाट खरिद तथा निर्माण कार्य गराएको छ । यसरी प्रत्येक बोलपत्रमा ३ वटा फर्मको बोलपत्रमात्र दाखिला हुनु ति बोलपत्रदाताहरुले लागत अनुमानकै हाराहरीमा अंक कवोल गरेको कारण लागत अनुमानकै हराहारीमा सम्झौता गरी कार्य गराएको छ ।सिमित प्रतिस्पर्धावाट भएको कार्य मितव्ययी देखिएन ।गाउँपालिकाले खरिद योजना तयार गरी प्रतिस्पर्धात्मक तवरले खरिद गर्नु पर्दछ ।सिमित प्रतिस्पर्धात्मक तवरले खरिद गरेका केही उदाहरण निम्नानुसार छन्।<br>**रकम रु हजारमा** | |

| खरिदको विवरण | आपूर्तिकर्ता | ईष्टिमेट लगत ( with vat ) | कबोल अंक ( with vat ) | घटी |
|---|---|---|---|---|
| गाउँपालिकाको लागि सि सि टि भि क्यामरा अपूर्ति तथा जडान | जियो टेक्नीकल एण्ड इन्फ्रास्ट्रक्चर सोलुसन | ४१५१ | ३९७७ | ४.१९ |
| सोलार बत्ती जडानको पोल खरिद | जियो टेक्नीकल एण्ड इन्फ्रास्ट्रक्चर सोलुसन | ४८८२ | ४७५९ | २.५२ |
| ट्यूवलर व्याट्री | स्काइ राइज ट्रेडिङ | ५९०४ | ५८४० | १.०८ |
| सोलार प्यानल खरिद | एस के स्टोर्स | ५४०० | ५३१४ | १.५९ |
| चार्ज कन्ट्रोलर तथा इन्सटलेसन | जियो टेक्नीकल एण्ड इन्फ्रास्ट्रक्चर सोलुसन | ४८६० | ४८१७ | ०.८८ |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>लाइट तार र नट बोल्ट खरिद</td><td>एस के स्टोर्स</td><td>४२७१</td><td>४२१०</td><td>१.४३</td></tr>
<tr><td>आइ टी सामाग्री खरिद</td><td>आर्क डिजाइन एण्ड इन्फ्रास्ट्कचर सोलुसन</td><td>२६००</td><td>२५७९</td><td>०.८०</td></tr>
<tr><td>ग्यास स्टोभ खरिद</td><td>न्यू ग्यांस लाइट एजेन्सी</td><td>४९५८</td><td>४६९३</td><td>५.३४</td></tr>
<tr><td>व्लाङ्केट</td><td>पि आर मल्टीपल ट्रेडर्स</td><td>३३९०</td><td>३१३६</td><td>७.४९</td></tr>
<tr><td>ग्यांस चुल्होको रेगुलेटर र पाइप खरिद</td><td>न्यू ग्यांस लाइट एजेन्सी</td><td>२६९९</td><td>२६७७</td><td>०.८१</td></tr>
<tr><td>कोरोना नियन्त्रण सामाग्री आपूर्ति</td><td>स्काइ राइज ट्रेडिङ</td><td>५४९६</td><td>५४५६</td><td>०.७३</td></tr>
</table>
उपर्युक्ताअनुसारको खरिदमा देखिएका व्यहोरा निम्नानुसार छन ।<br>
क. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसमानको लागत अनुमान तयार गर्दा सम्वन्धित निकायले मालसामानको स्पेशिफिकेसनको अधिनमा रहि तयार गर्नुपर्ने र लागत अनुमान तयार गर्दा चालु वा अघिल्ला बर्षमा त्यस्ता सामान खरिद गर्दा लागेको लागत, स्थानीय बजारमा प्रचलित दरभाउ र उधोग बाणिज्य संघले जारी गरेको दररेट समेतलाइ आधार लिइ लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाले माथि उल्लेखित सामान खरिद गर्दा तयार गरेको लागत अनुमान कुन दरलाइ आधार लिइ लागत अनुमान तयार गरेको हो सो खुल्ने कागजात लेखापरीक्षणमा पेश भएन । सामानको स्पेशिफिकेसन सहितको लागत अनुमान तयार गरेको पाइएन ।<br>
ख. सार्वजनिक खरिद ऐन २०६३ को दफा १४ मा बोलपत्रको सूचना राष्ट्रियस्तरको दैनिक समाचार पत्रमा प्रकाशन गर्नुपर्ने व्यवस्था छ ।तर गाउपालिकाले माथि उल्लेखित बोलपत्रको सूचना राष्ट्रिय स्तरको पत्रिकमा प्रकासन नगरी स्थानिय सर्लाही अपडेट र सर्लाही टुडेमा प्रकाशन गरेको छ ।राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गर्नुपर्ने सूचना स्थानीय पत्रिकामा प्रकाशन गर्दा कार्यालयको खरिद प्रकृया नियमसंगत र प्रतिस्पर्धि देखिएन ।<br>
ग. गाउँपालिकाले प्राप्त समान तोकीएको स्पेशिफिकेसन अनुसार गुणस्तरयुक्त छ भनी सम्वन्धित बिषय विज्ञवाट प्रमाणित समेत नगराइ भुक्तानी गरेको छ । यसले गर्दा प्राप्त सामान गुणस्तरीय छन भनी यकिन गर्न सकिएन ।
</td>
<td></td>
</tr>
<tr>
<td>३२</td>
<td></td>
<td></td>
<td>बितरणको भर्पाइ - गाउँपालिकाले जुन प्रयोजनको लागि सामान खरिद गरिएको हो सोही प्रयोजनमा प्रयोग भएको हुनुपर्दछ । गाउँपालिकाले भौ नं १९३ मिति २०७९।३।२४ वाट राजदेवी जनरल अर्डर सप्लायर्सबाट रु ८,९८,९१५ का क्रिकेटका सामान खरिद गरी भुक्तानी भएको छ । कुन प्रयोजनको लागि सामान खरिद गरिएको सो सो संस्थालाइ वितरण गरेको भर्पाइ पेश हुनुपर्ने रु.</td>
<td>८९८,९१५</td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ३३ | | | **CCTV CAMERA खरिद -** गाउँपालिकाले बोलपत्रको माध्यमवाट २३० सिसिटिभि क्यमरा र सो को जडानको लागि आवस्यक समान खरिद गरी आपूर्तक जियो टेक्नीकल एण्ड इन्फ्रास्ट्रक्चर सोलुसन प्रालि लाइ रु ३९,७७,१७० भुक्तानी गरेको छ । खरिद गरिएका क्यामराको जडान खर्च रु २,३०,००० समेत पुरै भुक्तानी भइ सकेकोले उक्त क्यामरा कुन कुन स्थानमा जडान भएको हो सो खुल्ने विवरण पेश भएन । पुरै क्यामरा जडान भएको जडान प्रतिवेदन सहित अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु. | ३,९७७,१७० |
| ३४ | | | **पेश्की रकम जोखिममा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क) मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात निर्माण व्यवसायीवाट अग्रिम वैंक जमानत लिई खरिद सम्झौताको रकमको २० प्रतिशतमा नवढ्ने गरी पेश्की दिन सकिने व्यवस्था छ । सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको वैंक खाता मार्फत मात्र भुक्तानी हुने व्यवस्था छ । पेश्की लिनेले पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गरी सार्वजनिक निकायलाई तोकिए वमोजिम उपलव्ध गराउनु पर्दछ । पेश्की रकम सम्बन्धित काममा प्रयोग भएको नपाइएमा लिएको अग्रिम जमानत जफत हुने व्यवस्था छ । यसैगरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा खरिद सम्झौता वमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित अवधि भित्र सम्पादन नगरेको कारण पेश्की फछ्र्यौट हुन नसकेमा निजको वैंक जमानतवाट पेश्की रकम प्राप्त गरी फछ्र्यौट गर्ने र निजवाट पेश्की रकमको सयकडा १० प्रतिशत व्याज समेत असुल गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकावाट उपलव्ध विवरण तथा स्रेस्ता कागजातका आधारमा लेखापरीक्षण अवधि २०७९।८।२९ सम्म निर्माण व्यवसायीलाई गतविगतमा दिइएका निर्माण कार्य पेश्की मध्ये केहीमा निर्माण कार्य शुरु नभएको र केहीमा पेश्की जमानतको म्याद समाप्त हुँदा पेश्की बांकी रहेको देखिन्छ। पेश्की जमानतको म्याद सकीएको र निर्माण कार्य नभई पेश्की बांकी रहेको देहाय वमोजिमको पेश्की रकम जोखिममा परेकोले उक्त पेश्की रकम असुल गर्नुपर्ने रु. | ६,६८६,४०८ |

| ठेक्का नं | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | कार्य सम्पन्न गर्ने मिति | पेश्की बांकी रकम | पेश्की जमानतको अन्तिम मिति |
|---|---|---|---|---|---|
| संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम | | | | | |
| १।२०७८।७९ | सोनी विल्डर्स एण्ड इन्जिनियरिङ | २०७८।८।२८ | २०७९।३।३५ | १३००००० | २०७९।४।२५ |
| ६।२०७८।७९ | ग्रिन वर्ल्ड जय कन्सट्रकसन जेभी | २०७८।१२।८ | २०८१।१०।२० | १८३२७४२ | २०७९।४।३१ |
| ७।२०७८।७९ | ग्रिन वर्ल्ड जय कन्सट्रकसन जेभी | २०७८।१२।२१ | २०८१।१०।२० | १७९२०१५ | २०७९।४।३१ |
| ८।२०७८।७९ | ग्रिन वर्ल्ड जय कन्सट्रकसन जेभी | २०७८।१२।२८ | २०८१।१०।२० | १७६१६५१ | २०७९।४।३१ |
| | जम्मा | | | ६६८६४०८ | |

३५ **प्याकेजिङ र समूह विभाजन**

३५.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ क मा एकै प्रकृतिको खरिद कार्यलाइ अलग अलग प्याकेजमा खरिद गर्नुपर्नेमा अधिक्तम प्रतिस्पर्धाको लागि प्याकेज बनाइ खरिद गर्न सकिने व्यवस्था छ । यसरी खरिद गर्ने कुरा खरिद योजनामा उल्लेख हुनुपर्दछ । तर यस गाउँपालिकाले खरिद योजना तयार नगरी एउटै प्रकृतिको खरिद कार्यलाइ एकै समयमा टुक्रा टुक्रा गरी बोलपत्रको माध्यमवाट खरिद गरेको छ । एउटै कार्यलाइ अधिकतम टुक्रा गरी खरिद गर्दा खरिदमा प्रतिस्पर्धा सिमित हुने र खरिद कार्य अनावस्यक लामो भइ समयमा सामन समेत आपुर्ति नहुने अवस्था विधमान रहने र सवै प्याकेजको काम सम्पन्न नभइकन खरिदको सिङ्गो काम समेत अपुरो रहेने हुदा एउटै प्रकृतिको कार्यलाइ एउटै प्याकेजमा खरिद गर्नुपर्दछ । गाउँपालिकाले एउटै प्रकृतिको कार्यलाइ टुक्रा टुक्रा गरी खरिद गरेका केही उदाहरण निम्नानुसार छन ।

| गो भौ नं मिति | समानको नाम | आपूर्तक | भुक्तानी रकम |
|---|---|---|---|
| ११८।११।२७ | ग्याँस स्टोभ २९२५ थान | न्यू ग्याँस लाईट एजेन्सी | ४६९३४५५ |
| १३४।१२।५ | ग्यास रेगुलेटर २९२५थान र पाइप २९२५ मिटर | न्यू ग्याँस लाईट एजेन्सी | २६७७२५२ |
| ९८।११।२० | सोलार बत्तीको पोल खरिद २१६ थान | जियो टेक्नीकल एण्ड इन्फ्रास्ट्रक्चर सोलेसन नेपाल | ४७५९५६० |
| १०४।११।२६ | ट्युवलर व्याट्री खरिद १९० थान | स्काइ राइज ट्रेडिङ कन्सर्न | ५८३९८४० |
| १०६।११।२६ | सोलार प्यानल खरिद २१६ थान | एस के स्टोर्स | ५३१३६०० |
| १०८।११।२६ | चार्ज कन्ट्रोलर खरिद तथा इन्सटलेसन २१६ थान | जियो टेक्नीकल एण्ड इन्फ्रास्ट्रक्चर सोलेसन नेपाल | ४८१६८०० |
| ११०।११।२६ | लाइट तार तथा नट वोल्ट | एस के स्टोर्स | ४२१०३१० |
| १४०।१२।२५ | ट्युवलर व्याट्री खरिद २६ थान | पी टि ट्रेडर्स | ७९९१३७ |

३५.२ गाउँपालिकाले गाउ भित्रका बिभिन्न स्थानमा २१६ सोलार जडानको लागि पटक पटक सामान खरिद तथा जडानको वोलपत्र आह्वान गरी यो बर्ष रु २,५७,३९,२४७ भुक्तानी गरेको छ । खरिद गरीएका सामान स्पेशिफिकेसन अनुसार गुणस्तरीय भए नभएको सुनिश्चित नगरी भुक्तानी गरेको र प्राप्त सामान तथा बत्ती कुन कुन स्थानमा जडान भएको हो सो समेत उल्लेख नगरी भुक्तानी भएको छ । सोलार प्यानलमा २५ बर्ष वारेन्टी रहेको आपूर्तकलाई भुक्तानी गर्दा कट्टी भएको धरौटी २५ बर्ष सम्म राख्नुपर्नेमा सो समेत राखेको छैन । सोलार जडान भएको स्थान समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन सहितको अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ३६ | | | **बितरणमुखी कार्यक्रम** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले पुँजीगत खर्च शिर्षकबाट देहाय बमोजिमको वितरणमुखि कार्यक्रम छनौट गरी भुक्तानी दिएको छ। यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् | |
| ३६.१ | | | गाउँपालिकाको स्वीकृत कार्यक्रम अनुसार छठ पर्वमा साडी वितरण भनी बोलपत्रको माध्यमवाट पी टी ट्रेडर्सबाट ३,००० थान सारी खरिद गरी भौ नं ५९।२०७८।८।१२ बाट रु २९,८३,२०० भुक्तानी गरेको छ । सारी खरिद गर्नुपूर्व स्पेशिफिकेशन सहितको लागत अनुमान तयार गरेको नदेखिएको र सारी प्राप्त भएपछि गुणस्तरीय सामान प्राप्त भए नभएको यकिन नगरी भुक्तानी गरेको छ । साथै खरिद गरीएको सम्पूर्ण सारी गाउपालिका अध्यक्ष श्री विक्रम राय स्वयंले बुझिलिएको देखियो ।निजले बुझेका सारी के कुन महिलालाइ वितरण गर्ने हो सो को कुनै कार्यविधि बनाएको देखिएन ।स्रेस्ता साथ संलग्न वडा नं १ देखि ९ सम्मका २,९०० सारी वितरण गरिएको भर्पाइमा समेत सारी पाउनेको पहिचान खुल्ने विवरण संलग्न गरेको छैन भने बाँकी १०० थान सारी यधपी सम्वन्धितलाइ बुझाएको देखिएन । सारी वितरणको भर्पाइको आधिकारिक्ता पुष्टि गर्नुको साथै वितरण बाँकी १०० थान साडीको वितरणको भर्पाइ पेश हुनुपर्ने रु. | ९९,४४० |
| ३६.२ | | | गाउँपालिकाले २,९२५ थान ग्याँस स्टोभ, रेगुलेटर र पाइप खरिद गरी भौचर नं ११८ मिति २०७८।११।२७ बाट रु ४६,९३,४५५ र भौ नं १३४ मिति २०७८।१२।२५ बाट रु २६,७७,२५२ समेत जम्मा रु. ७३,७०,७०७ आपूर्तक न्यू ग्याँस लाईट एजेन्सीलाइ भुक्तानी गरेको छ । खरिद गरीएको उक्त सामान लेखापरीक्षण अवधि २०७९ मार्ग मसान्तसम्म पनि जिन्सी खातामा मौज्दात छ । मौज्दात रखिएका समान के कसलाइ बितरण गर्ने हो सोको कार्यविधि तयार गरी लाभग्राहीलाइ वितरण गरेको भर्पाइ पेश हुनुपर्ने रु | ७,३७०,७०७ |
| ३६.३ | | | गाउँपालिकाले १,५०० थान ब्लाङ्केट खरिद गरी पि आर मल्टीपल ट्रेडर्सलाइ रु. ३१,३५,७५० भुक्तानी गरेको छ । ब्लाङ्केट खरिद गर्नुपूर्व स्पेशिफिकेशन सहितको लागत अनुमान तयार गरेको नदेखिएको र ब्लाङ्केट प्राप्त भएपछि गुणस्तरीय सामान प्राप्त भए नभएको यकिन नगरी भुक्तानी गरेको छ । खरिद गरीएको उक्त सामान लेखापरीक्षण अवधि २०७९ मार्ग मसान्तसम्म पनि मौज्दात राखिएको छ । मौज्दात रखिएका समान के कसलाइ बितरण गर्ने हो सोको कार्यविधि तयार गरी लाभग्राहीलाइ वितरण गरेको भर्पाइ पेश हुनुपर्ने रु. | ३,१३५,७५० |
| ३७ | | | **स्पेसिफिकेसन भन्दा बढि प्रयोग** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाको निर्माण कार्यको आफ्नो छुट्टै नर्म्स नभएको अवस्थामा कार्यालयले गर्ने निर्माण प्रकृतीसंग मिल्ने नेपाल सरकारवाट स्वीकृत नर्म्सको प्रयोग गर्नु पर्दछ । सडक कालोपत्रे गर्ने कार्य सडक विभागको स्वीकृत नर्म्स अनुसार गर्नु पर्दछ । स्टयाण्डर स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज २०७३ | १८०,३१४ |

को दफा १३०२ कालोपत्रे गर्दा स्प्रे गर्नु पर्ने बिटुमिन्न को दर तोकीएको छ ।जस अनुसार प्राईम कोटगर्दा १ बर्ग मिटरको लागि अधिकतम १ लिटर र टयाक कोट १ बर्ग मिटरको लागि अधिकतम ०.६ लीटर लाग्ने उल्लेख छ ।तर यस कार्यालयले सडक कालोपत्रे गर्ने कार्य गर्दा स्पेसिफिकेसनले तोकेको दर भन्दा बढि दर राखी लागत अनुमान तयार गरी सोही बमोजिम ठेक्का सम्झौता गरी देहाय बमोजिम निर्माण व्यवसायीलाइ भुक्तानी गरेको छ । स्पेसिफिकेस्नले तोकेको दर भन्दा बढि दर राखी भुक्तानी गरेको रकम मु अ कर समेत असुल गर्नुपर्ने रु

| भौ नं र मिति | योजनाको नाम | निर्माण व्यवसायीको नाम | स्पेसिफिक्सन अनुसार राखु पर्ने परिमाण | राखेको परिमाण | दर प्रतिलिटर | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| १९७।२०७९।३।२४ | चक्रघट्टा सुन्दरपुर सडक | सोनी विल्डर्स एण्ड इन्जितियरिङ्ग | २६३५ लीटर | ४४०८ लीटर | ९० | १५९५७० |

**३८** — ५,४००,०००

**विद्यालय भौतिक पूर्वाधार निर्माण** - शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका, आ व २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्धारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशन २ अनुसार प्राप्त कार्यक्रम अनुसार २ र ४ कोठे भवन डिजाइन ड्रइङ तथा लागत अनुमान बमोजिमको देहायकाको विद्यालयलाई रु.५४ लाख भुक्तानी भएको छ । अनुदान रकमको उचित प्रयोग गरी कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु

| गो भौ नं र मिति | बिधालयको नाम | विवरण | रकम |
|---|---|---|---|
| ३२।३।२५ | सामुदायिक प्रा.वि. सुन्दरपुर | २ कोठे भवन निर्माण | १८००००० |
| ३२।३।२५ | रामजानकी मा वि ९ | ४ कोठे भवन निर्माण | ३६००००० |
| | जम्मा | | ५४००००० |

**३९**

**परामर्श सेवा** - सार्वजनिक खरिद नियमावली २०६४ को परिच्छेद ६ मा परामर्श सेवा खरिद सम्बन्धी व्यवस्था गरिएको छ । यो वर्ष परामर्शदातावाट डी पी आर तयार गर्ने कार्य गराइ देहाय वमोजिम भुक्तानी गरेको छ ।

| भौ.नं.मिति | विवरण | परामर्शदाता | भुक्तानी रकम |
|---|---|---|---|

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१३०-२०७८।१२।२५</td><td>५ वेड अस्पतालको डि पि आर तयार</td><td>जियो टेक्नीकल एण्ड इन्फ्रास्ट्रक्चर सोलुसन</td><td>१४७२७०१</td></tr>
<tr><td>१३८-२०७८।१२।२५</td><td>गाउँपालिका भित्रका ४.४ किमी सर्भे र डिजाइन तयार गरेवापत</td><td>जियो टेक्नीकल एण्ड इन्फ्रास्ट्रक्चर सोलुसन</td><td>४७५०९४</td></tr>
<tr><td>१२१-२०७८।८।९</td><td>बिधालयहरुको डि पिआर तयार गरेवापत</td><td>आर्क डिजाइन एण्ड इन्फ्रास्ट्कचर सोलुसन</td><td>१४३९१४४</td></tr>
<tr><td>११३-२०७८।७।२८</td><td>१५ वेड अस्पतलको डि पि आर तयार</td><td>जियो टेक्नीकल एण्ड इन्फ्रास्ट्रक्चर सोलुसन</td><td>१९८२३७६</td></tr>
<tr><td>१२८-२०७८।८।१३</td><td>गाउँपालिका भित्रका सडक स्तरोन्नतीको डि पि आर</td><td>आर्क डिजाइन एण्ड इन्फ्रास्ट्कचर सोलुसन</td><td>९९१५७५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>६३६०८९०</td></tr>
</table>
(क) परामर्श सेवाको लागी लागत अनुमान तयार गर्दा लाग्ने आवश्यक जनशक्ति निर्धारण सहितको स्वीकृत नर्म्स लेखापरीक्षणमा पेश भएन । यसले गर्दा गाउँपालिकावाट स्वीकृत लागत अनुमान यथार्थपरक छ भनी एकिन हुन सकिएन ।<br>
(ख) गाउँपालिकाको प्राविधिक जनशक्तीवाट हुन नसक्ने योजना माग आउट सोर्सिङ्ग गरी कार्य गराउनु पर्नेमा गाउँपालिकाको जनशक्तीवाट हुन सक्ने नसक्ने एकिन नगरी परामर्शदातावाट कार्य गराएको पाइयो ।<br>
ग) परामर्श सेवा खर्च गरी तयार भएका डि. पि. आर कार्यान्वयन हुनु पर्दछ । तर माथि उल्लेखित डि पि आर मध्ये ५ बेड अस्पतालको डि पि आर कुन स्थानको लागि निर्माण हुने हो सो यकिन नहुदै डि पि आर गरेको, प्राप्त रिपोर्ट कार्यान्वयनको कुनै सुनिस्चितता नहुदै डि पि आर तायर गरिएको छ । यसैगरी गाउपालिका भित्रको सडकको सर्भे र डिजाइन तयार गरेवापत जियो टेक्नीकल एण्ड इन्फ्रास्ट्रक्चर सोलुसनलाइ भुक्तानी भएको छ ।गाउँपालिकामा सर्भे र डिजाइन अनुसारका सडक नवनेको अवस्थामा सर्भे र डिजाइन बापत खर्चको उपयोगिता देखिएन । यसैगरी विधालयको भवन निर्माणको डि पि आरमा जनता मा वि औरही र राशनारायण प्र वि शिवगाउँमा भवन निर्माणको लागि बजेट विनियोजन समेत भएको छैन ।निर्माणको सुनिस्चितता नहुदै डि पि आरमा खर्च गर्नुको उपयोगिता देखिएन ।
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>नर्म्सको प्रयोग सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाको निर्माण कार्यको आफ्नो छुट्टै नर्म्स नभएको अवस्थामा कार्यालयले गर्ने निर्माण प्रकृतीसंग मिल्ने नेपाल सरकारवाट स्वीकृत नर्म्सको प्रयोग गर्नु पर्नेमा सडक र नाला निर्माणमा सडक</td><td>३,८४३,१८०</td></tr>
</table>

विभागको नर्म्स प्रयोग गर्नु पर्नेमा अन्य निकायको नर्म्स प्रयोग गरेको पाइयो । जसले गर्दा PCC (1:2:4) ढलानमा सडक विभागको नर्म्स प्रयोग गरी जिल्लाको निर्माण सामाग्रीको दररेट र वालुवा गिट्टि ढुवानी १५ कि मी राख्दा देहाय बमोजिम प्रति धनमिटर रु. १०,१५२.०० ले उपभोक्ता समितिलाइ भुक्तानी गर्नुपर्नेमा प्रतिघटर रु.१२,००५ देखि १५,५८९ सम्मको दरले भुक्तानी गरेको छ । निर्माणको प्रकृति भन्दा फरक नर्म्स र अस्वभाविक दर प्रयोग गरी देहायका योजनामा भुक्तानी गर्नाले देहाय बमोजिम थप व्ययभार पारेको रु

**१५ घनमिटरको लागि चाहिने दर**

| | | | |
|---|---|---|---|
| Skilled man power | 7.5 man day | 900 | 6750 |
| Unskilled Labour | 30 man day | 600 | 18000 |
| Cement | 4.13 Tone | 19775 | 81670.75 |
| Aggregrate 40mm | 8.10 cum | 2012.42 | 16300.56 |
| Aggregrate 20mm | 4.05 cum | 2122.42 | 8595.78 |
| Aggregrate 10 mm | 1.35 cum | 2122.42 | 3000.26 |
| Sand | 6.75 cum | 1368.82 | 9239.54 |
| Concrete mixture | 6 hour | 376 | 2256 |
| Generator | 6 hour | 1080 | 6480 |
| Total | | | 152292.82 |
| Rate for 1 cum | | | 10152.85 |

| गो भौ नं र मिति | उपभोक्ता समितिको नाम | परिमाण घनमिटर | फरक दर | बढी भुक्तानी |
|---|---|---|---|---|
| गाउपालिका पुँजीगत | | | | |
| २-२०७८।६।२४ | वडा नं ५ जोगी चौधरीको घर देखि पूर्वारी मठसम्म सडक ढलान | २३५ | १८५३ | ४३५४५५ |
| ४-२०७८।६।२४ | वडा नं ७ चैनपुराको पोखरी देखि राम इश्वरको घरसम्म सडक ढलान | ११२ | १८५३ | २०७५३६ |
| ५-२०७८।६।२४ | वडा नं ७ चैनपुराको नहर देखि राम इश्वरको घरसम्म सडक ढलान | ११२ | १८५३ | २०७५३६ |

| | | | | |
|---|---|---|---|---|
| ६-२०७८।६।२४ | वडा नं ३ चौधरी साहको घर देखि पुकार साहको घरसम्म सडक ढलान | ४५ | १८५३ | ८३३८५ |
| ७-२०७८।६।२४ | वडा नं ५ श्री निवासको घर देखि दिनेश चमारको घरसम्म सडक ढलान | ५१ | १८५३ | ९४५०३ |
| ११-२०७८।६।२५ | वडा नं २ किशोरी रायको घर देखि सुदिस रायको घरसम्म सडक ढलान | ५३९ | १८५३ | ९९८७६७ |
| १२-२०७८।६।२५ | वडा नं ३ बिनटोल र नटटोलमा सडक ढलान | ७५ | १८५३ | १३८९७५ |
| १३-२०७८।६।२५ | वडा नं ४ फैयाजको घर देखि पशेचिम इनार चोक देखि सकील लहेरीको घरसम्म सडक ढलान | १०६ | १८५३ | १९६४१८ |
| २४-२०७८।७।१ | वडा नं ३ अनुदाको घर देखि मौजे साहको घर सम्म सडक ढलान र नाल निर्माण | ३३ | १८५३ | ६११४९ |
| ३१-२०७८।७।३ | वडा नं ५ राजेश्वर साहको घर देखि रामअवतार रायको घरसम्म सडक ढलान | ११७ | १८५३ | २१६८०१ |
| ३५-२०७८।७।३ | वडा नं २ पश्चिम अधुरो नाला निर्माण | ५५ | १८५३ | १०१९१५ |
| ३६-२०७८।७।४ | वडा नं ३ लक्ष्मी साहको घर देखि निकाइल सेखको घरसम्म पक्की ढलान | ४६ | १८५३ | ८५२३८ |
| १५५-२०७९।१।१४ | जोगी चौधरीको घर देखि चन्देश्वर मण्डलको घरसम्म सडक ढलान | ४७ | १८५३ | ८७०९१ |
| १५६-२०७९।१।१४ | वडा नं ५ पलट मण्डलको घर देखि पछीयारी मठ सम्म सडक ढलान | ३३ | २७६१ | ९१११३ |
| १५७-२०७९।१।१४ | वडा नं ५ राज नारायण चौधरीको घर देखि जयलाल चौधरीको घरसम्म सडक ढलान | ४३ | ५४३७ | २३३७९१ |
| १६०-२०७९।१।१६ | वडा नं ५ राज देव साहको घर देखि बिनोद साहको घरसम्म सडक ढलान | ५५ | ५४३७ | २९९०३५ |
| १६१-२०७९।१।१६ | वडा नं ५श्री निवासको घर देखि बद्री चौधरीको घरसम्म सडक ढलान | ४२ | ५४३७ | २२८३५४ |
| १६९-२०७९।१।२२ | वडा नं ५ मा बिन्देश्वर चौधरीको घर देखि मोहनसाहको घरसम्म पक्की ढलान | १४ | ५४३७ | ७६११८ |
| | जम्मा | | | ३८४३१८० |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ४१ | | | **उपभोक्ता समिति मार्फत कार्य**- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । सुत्रमा प्रविष्टि भएको विवरण अनुसार यस बर्ष ८१ वटा उपभोक्ता समिति मार्फत काम गराइ रु.७,३३,०७,९६० भुक्तानी भएको देखिन्छ । सो मध्ये नमुना छनौट गरी लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । लेखापरीक्षणमा प्राविधिक मूल्याङ्कनलाई आधार लिई लेखापरीक्षण गरीएको छ । स्थानीय सरकार ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीयतहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका गाउँपालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-<br>क. कार्यालयले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन ।<br>ख. हेभी मेशीनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत गराएको छ । उपभोक्ता समिति मार्फत हुने सवै निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यस्ले गर्दा उपभोक्ता समितिमार्फत सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन ।<br>ग योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालय विच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।<br>घ. उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९अनुसार कार्यलयले आयोजना कार्यसम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको छैन् ।<br>ङ. कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन गरेकोमा अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन ।<br>च. उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन ।<br>छ. उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन ।<br>ज. उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन । रकम | |

| | | | | |
|---|---|---|---|---|
| | | | प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन ।<br>झ. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा प्राविधिक मूल्याङ्कन र विल भर्पाइ सँलग्न गरेपनि प्राप्त विलको सामानको परिमाण र मूल्याङ्कनको परिमाण एक आपसमा फरक पर्न गएको छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ । तर्सथ कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |
| ४२ | | | **सामुदायिक भवन मन्दिर तथा अन्य सार्वजनिक प्राकृतिका भवन एवं कम्पाउण्डवाल निर्माण**- स्थानीय सरकार संचालन ऐनको दफा २७ बमोजिम गाउँपालिकाले नक्सापास गरेर मात्र संरचना निर्माण गर्नुपर्ने व्यवस्था छ ।तर गाउँपालिकाले जग्गा सार्वजनिक रहेको प्रमाण संलग्न नहुदै र नक्सापसा वेगरनै सर्वजनिक संरचना निर्माण कार्य गर्ने गरेको छ ।निर्माण गर्ने संरचनाको ड्रईङ डिजाइन स्वीकृत नगरी प्राप्त बजेटको आधारमा लागत अनुमान तयार गर्ने र त्यसैलाई सम्पन्न देखाई, भुक्तानी गर्ने गरेको छ यसले गर्दा निर्माण आंशिक मात्र निर्माण गर्दा पछि वेवारिसे हुन सक्ने एवं आंशिक रुपमा निर्माण हुने संरचनामा क्षति पुग्न जाने अवस्थालाई ख्याल गरेको पाइएन । भवन निर्माण जस्तो जटिल र अनुगमन गरिरहनु पर्ने एवं प्राविधिक प्रकृतिको निर्माण कार्यमा समेत उपभोक्ता समिति गठन गरी उपभोक्ता मार्फत कार्य गराएको कारण सामुदायिक भवन मन्दिर, मदरसा तथा अन्य सार्वजनिक प्रकृतिको भवन एवं कम्पाउण्डवाल निर्माण गुणस्तर छन् र प्रकृयामा पारदर्शिता छ भन्न सकिने आधार देखिएन । तसर्थ सार्वजनिक संरचना निर्माण गर्दा सार्वजनिक स्थान, नक्सा ड्रइङ्ग, डिजाइन र नक्सा पास गरी पूर्ण संरचना निर्माण हुने सुनिश्चीतता गरि एकिकृत लागत अनुमान, नापी किताव, कार्यसम्पन्न अवस्था र सार्वजनिक प्रयोगको सुनिश्चीतता गरी निर्माण गर्ने पर्याप्त अनुगमन र सम्वन्धीत क्षेत्रकै उपभोक्ताको अर्थपूर्ण संलग्नता हुने तर्फ ध्यान दिनुपर्ने देखिन्छ गत विगत बर्ष निर्माण कार्य भइ यो बर्ष समेत बजेट विनियोजन भएका योजनामा विगतमा के कती निर्माण कार्य सम्पन्न भएको हो सोको नापी किताव तथा कार्य मूल्याङ्कन संलग्न नहुदा यो बर्ष दोहोरो भुक्तानी भएको छैन भनी लेखापरीक्षण वाट यकिन गर्न सकिने अवस्था देखिएन तसर्थ अधुरा योजनामा थप संरचना निर्माण गर्दा अनिवार्य रुपमा विगतको नापी किताव र प्रविधिक मूल्याङ्कन समावेश हुनुपर्दछ । निर्माण गरीने भवनको नक्सा पास नगरी जग्गाको स्वामित्व यकिन नगरी गाउँपालिकाले अधुरो सामुदायिक भवन निर्माण गरी भुक्तानी गरेका केही उदाहरण निम्मानुसार छन्।<br><table><tr><td>गो भौ नं र मिति</td><td>बिबरण</td><td>निर्माण व्यवसायी</td><td>रकम</td></tr><tr><td colspan="2">प्रदेश पूजीगत</td><td></td><td></td></tr></table> | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td colspan="2"></td><td></td><td></td></tr>
<tr><td>२।२०७९।३।२२</td><td>जनता प्रा वि गोहीयाही भवन निर्माण</td><td>उपभोक्ता समिति</td><td>२४२५०००</td></tr>
<tr><td>गाउँपालिका पूजीगत</td><td></td><td></td><td></td></tr>
<tr><td>२०।२०७८।६।३१</td><td>वडा नं ८ औरहीको पैठान टोलमा अधुरो मदरसा भवन निर्माण</td><td>उपभोक्ता समिति</td><td>९७००००</td></tr>
<tr><td>२८।२०७८।७।१</td><td>वडा ६ मा लङरीदाइको मन्दीर निर्माण</td><td>उपभोक्ता समिति</td><td>९७००००</td></tr>
<tr><td>३७।२०७८।७।५</td><td>वडा ९ मा रामजानकी मठमा मन्दीर निर्माण</td><td>उपभोक्ता समिति</td><td>२३१८३००</td></tr>
<tr><td>५४।२०७८।८।३</td><td>वडा नं २ मा बर्थिङ सेन्टर भवन निर्माण</td><td>उपभोक्ता समिति</td><td>७७६००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>सुरक्षीत नागरीक आबास कार्यक्रम - नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गतको आवासको अधिकार सम्बन्धी ऐन, २०७५ वमोजिम गरिवीको रेखामुनी रहेका, प्रकोपको कारण घरवार विहिन रहेका घर परिवारहरुले सुरक्षित आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायत सामाग्री खरिदको लागी यो वर्ष संघीय सरकारवाट हस्तान्तरीत कार्यक्रम अन्तरगत १८४ जनालाइ प्रथम किस्ता बापत प्रति व्यक्ति रु २०,६५२ का दरले रु ३८,००,००० लाभग्राहीको खातामा पठाइ खर्च गरेको छ ।लाभग्राहीले जस्तापाता तथा काठ खरिद गरी निर्माण कार्य गरेको देखिने अनुगमन प्रतिवेदन सहितको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>बढि दरले भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाइ हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ । गाउँपालिकाले देहयका योजनामा मेशिनले कम्प्याक्सन बाहेकको ग्राभेल गर्ने कार्यमा जिल्ला दर रेट अनुसार ग्राभेल खरिद, ५कि मि पक्की सडक १० कि मी ग्रभेल सडक र ५ कि मी धुले सडकमा ढुवनी, लोड अनलोड र ग्राभेलको फिजाउने समेत राखुपर्ने भन्दा बढि दरराखि उपभोक्ता समिलाइ देहाय बमोजिम बढि भुक्तानी गरेको छ ।बढि दर राखि लागत अनुमान तयार र मूल्याङ्कन गर्नाले देहायका उपभोक्ता समितिलाइ बढी भुक्तानी भएको रु
भुक्तानी दिनुपर्ने दर
<table>
<tr><td>Rate for 300 cum</td><td></td><td></td><td></td></tr>
</table>
</td><td>२,५२६,७९५</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | | |
| SKilled | 2 mandays | 900 | 1800 |
| UnsKilled | 12 mandays | 600 | 7200 |
| Subbase material | 330 cum | 1419.30 | 468369 |
| **Total** | | | **477369** |
| Rate per 1 cum | | | 1591.23 |

| गो भौ नं र मिति | योजनाको नाम | ग्रभलेको कार्य परिमाण घमी | भुक्तानी हुनुपर्ने दर प्रति घमी | भुक्तानी दर प्रति घमी | बढि भुक्तानी |
|---|---|---|---|---|---|
| १५।६।२५ | वडा नं ४ को अव्दुल वाहिदको घर देखि दंग्रासम्म | १४० | १५९१ | २३५६ | १०७१०० |
| १५।६।२५ | वडा नं ४ शेख अस्तपको घर देखि पानी टंकी हुदै लखगदेही खोलासम्मको सडक | २२६ | १५९१ | २३५६ | १७२८९० |
| १६।६।२५ | वडा नं ९ मा रामपुकारको घरदेखि फेकन ठाकुरको घरस्म | १८० | १५९१ | २३५६ | १३७७०० |
| २६।७।१ | वडा नं ७ मा चैनपुरा गाउँको दक्षीण औरही मा वि सम्म सडक ग्राभेल | ११५३ | १५९१ | २३५६ | ८८२०४५ |
| २७।७।१ | वडा नं ८ औरही पूर्वारी नहर देखि हरिचन रायको घरसम्मको सडक | ६१९ | १५९१ | २३५६ | ४७३५३५ |
| ५३।८।२ | वडा नं ९ रुदल रायको पोखरी देखि गोहीयाही जाने सडक | ४५३ | १५९१ | २३५६ | ३४६५४५ |
| ५७।८।७ | वडा नं ९ गोहीयाही धर्मशाला देखि मोतिपुर नहरको पुलसम्मको सडक | ५३२ | १५९१ | २३५६ | ४०६९८० |
| | जम्मा | | | | २५२६७९५ |

<table>
<tr><td>४५</td><td></td><td></td><td>मूल्य अभिबृद्धी कर- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र प्रचलित जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले सडक निर्माणमा माटो ग्राभेल गर्ने कार्यको लागि डोजरवाट माटो खन्ने कार्य जिल्ला दररेटमा प्रति घनमिटर रु १०० रहेकोमा उपभोक्ता समिति मार्फत सडक निर्माण गराउदा डोजर प्रयोग हुने स्थानमा उक्त दरमा मूल्य अभिबृद्धि कर समेत थप गरी प्रतिघनमिटर रु ११३ ले मूल्याङ्कन गरी भुक्तानी गरेको छ । स्रेस्तासाथ डोजर प्रयोगको कर विजक संलग्न नभएकोले विजक बेगर भुक्तानी भएको मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने रु
<table>
<tr><th>गो भौ नं र मिति</th><th>योजना तथा उपभोक्ता समिति</th><th>परिमाण घमी</th><th>प्रतिघनमिटर मु अ कर</th><th>भुक्तानी मु अ कर</th></tr>
<tr><td>२१।६।३१</td><td>वडा नं २ नरेश रायको खेत देखि पश्चिम कृषि सडक</td><td>५७३०</td><td>१३</td><td>७४४९०</td></tr>
<tr><td>२७।७।१</td><td>वडा नं ८ पूर्वारी नहर देखि सडक</td><td>२२३१</td><td>१३</td><td>२९००३</td></tr>
<tr><td>५३।८।२</td><td>वडा नं ९ रुदल रायको पोखरी देखि गोहीयाही जाने सडक</td><td>१९५२</td><td>१३</td><td>२५३७६</td></tr>
<tr><td>५७।८।७</td><td>वडा नं ९ गोहीयाही धर्मशाला देखि मोतीपुर नहरको पुलसम्म सडक</td><td>१८५४</td><td>१३</td><td>२४१०२</td></tr>
<tr><td>१२६।१२।२६</td><td>बडा नं २ को सडकमा माटो ग्राभेल</td><td>१०७८</td><td>१३</td><td>१४०१४</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>१६६९८५</td></tr>
</table></td><td>१६६,९८५</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>वडा नं २ का सडकमा माटो ग्राभेल - वडा नं २ को विभिन्न १२ स्थानको बाटोमा माटो ग्राभेलवापत उपभोक्ता समितिलाइ भौचर नं २६ मिति २०७८।१२।२६ वाट रु ४५,१०,५०० भुक्तानी भएको छ । भुक्तानीको प्रविधिक मूल्याङ्कन तथा नापी किताव हेर्दा माटो फिलिङ १,६४० मिटरको वाटोमा ५.४८ मिटरको चौडाइमा ९ इन्च उचाइमा गरेको र नेचुररल स्यान्ढ ग्राभेल १,६४० मिटरमानै ५.१६ मिटरको चौडाइमा १३ इन्च उचाइमा गरेको उल्लेख गरी भुक्तानी गरेको छ । लेखापरीक्षणको क्रममा कार्यालयको प्राविधिक सहित स्थलगत निरीक्षण गर्दा उक्त १२ स्थानको वाटो मध्ये अधिकांशमा माटो फिलिङनै नभएको विगतमा नै निर्माण भएको वाटोमा स्याण्ड मिक्स ग्राभेलको सट्टा क्रसरमा छानिएको वोल्डर राखेको सो को उचाइ परीक्षण गर्दा औषतमा ४ इन्च मात्र देखिएकोले प्राविधिक मूल्याङ्कन र योजनास्थलको काममा भिन्नता देखिन्छ ।तसर्थ फिल्डको यथार्थ अवस्थाको नाम जाँच बेगर नापी किताव तयार गरी मूल्याङ्कन गर्ने प्राविधिकलाइ जिम्मेवार वनाई पुनः यथार्थ नापजाँच गरी उपभोक्ता समितिलाइ बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.</td><td>४,५१०,५००</td></tr>
</table>

<table>
<tr><td>४७</td><td></td><td></td><td>विधुत तथा संचार महसुल - आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च गर्नु अघी त्यस्तो खर्च गर्न रित पुगे नपुगेको जाँच गर्नुपर्दछ ।विधुत तथा सञ्चार महसुल भुक्तानी सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।</td><td></td></tr>
<tr><td>४७.१</td><td></td><td></td><td>निम्न पदाधिकारी तथा कर्मचारीले कार्यालयले भाडामा समेत नलिएको निजी घरको विधुत महशुल भुक्तानी गरेको छ । निजि घरको विद्युत महशुल भुक्तानी गर्न नमिल्ने हुँदा उक्त रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>भौ नं मिति</th><th>नाम</th><th>ग्राहक नं</th><th>रकम</th></tr>
<tr><td>३२२-११/२९</td><td>लाल बाबु प्रसाद साह</td><td>००३.१२.०२७</td><td>२२७००</td></tr>
<tr><td>१३७-८/१३</td><td>चन्द्रदेव यादव</td><td>००५.१९.०५३</td><td>२७५३३३</td></tr>
<tr><td>१४६-८/१५</td><td>चन्द्रदेव यादव</td><td></td><td>७९३८९</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३७७४२२</td></tr>
</table></td><td>३७७,४२२</td></tr>
<tr><td>४७.२</td><td>२२५</td><td>२०७८-९-१९</td><td>नि. प्र. प्र. अधिकृत लालबाबु प्रसाद साह २०७९।३।४ मा अनिवार्य अवकाश भएको तर आफ्नो निजी निवासको लागि सुबिसु इन्टरनेटको ११ डिसेम्बर २०२१ देखी २०२५ सम्म ४ बर्षको लागि रु. ४४,५२० सुमित कुमार साहलाई सोधभर्ना भुक्तानी भएको देखिन्छ । कर्मचारीले आवासिय संचार महशुल पाउने कानुनी व्यवस्था नभएको र अवकाश पश्चात समेतको संचार महशुल भुक्तानी दिएको रकम निज बाट असुल गर्नुपर्ने रु.</td><td>४४,५२०</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>कानुनी सल्लाहकार - स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन ।गाउँपालिकाले यस वर्ष १ जना कानूनी सल्लाहकार नियुक्त गरी मासिक रु २५,००० का दरले चाडपर्व खर्च र पोशाक समेत रु ३,३५,००० पारिश्रमिक भुक्तानी दिएको छ । सल्लाहकार नियुक्ति गर्दा स्पष्ट कार्य विवरण तयार गरी सोको मुल्याङ्कनको आधारमा भुक्तानी दिनु पर्नेमा सो नगरेकोले नियमसंगत देखिदैन ।</td><td></td></tr>
<tr><td>४९</td><td>५४</td><td>२०७८-६-२६</td><td>प्रमुख प्रशासकिय स्वागत कार्यक्रम - आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा बढी खर्च हुने गरी दायित्व सिर्जना गर्नु नहुने र उपलब्ध स्रोतको समुचित उपयोग हुने गरी स्विकृत लागत र खर्चको सिमा भित्र रहि खर्च गर्नुपर्ने व्यवस्था छ। निमित्त प्र प्र अधिकृतलाई स्वागत कार्यक्रममा रु १,०२,७०० को</td><td>१०२,७००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>बिल पेश गरी राम अधिन राय यादवले भुक्तानी लिएको देखिन्छ। निमित्त कार्यालय प्रमुख हाजिरी तथा स्वागतको लागि मात्र १ लाख भन्दा माथिको खाना, खाजा र खाँदाको बिल संलग्न गरी खर्च लेखेको नियमसंगत नदेखिएको रु.</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>भ्रमण खर्च- भ्रमण खर्च नियमावली २०६४ मा भ्रमण खर्च सम्बन्धी व्यवस्था गरेको छ । लेखापरीक्षणको क्रममा नमूना छनौट गरी केही भ्रमण बिलको परीक्षण गर्दा कार्यालयमा हाजिर रहेको अवधिमा समेत निम्नानुसारको कर्मचारीलाई रु.१,९०,२०० भम्रण खर्च भुक्तानी गरेको छ ।हाजीर अवधिको भ्रमण खर्च भुक्तानी गर्न मिल्ने नदेखिएकोले भ्रमण खर्च वापतको रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>भौ नं मिति</th><th>नाम</th><th>भ्रमण स्थल</th><th>मिति</th><th>रकम</th></tr>
<tr><td>६६-७/८</td><td>सन्तोष राय</td><td>काठमाडौं</td><td>६/१०-६।१६</td><td>९५००</td></tr>
<tr><td>४३-६/२५</td><td>राम फ्रेस साह</td><td>काठमाडौं</td><td>५।१६-५।२२</td><td>१००००</td></tr>
<tr><td>४२-६/२५</td><td>लालबाबु प्रसाद साह</td><td>जनकपुरधाम</td><td>४।२१-४।२७</td><td>१०५००</td></tr>
<tr><td>१८२-८/२६</td><td>राजु राय</td><td>काठमाडौं</td><td>७/६-७।११</td><td>८३००</td></tr>
<tr><td rowspan="4">२१९-९/१९</td><td>राम बहादुर साह</td><td>काठमाडौं</td><td>७/१२-७।१८</td><td>१२०००</td></tr>
<tr><td>राम प्रेस साह</td><td>जनकपुर</td><td>६/१४-७।२०</td><td>१००००</td></tr>
<tr><td>मनिष नेवा खड्की</td><td>काठमाडौं</td><td>८/१९-८।२५</td><td>८०००</td></tr>
<tr><td>सुभाष कुमार यादव</td><td>काठमाडौं</td><td>६/१०-६।१६<br>७/११-७।१७<br>८/५-८।११</td><td>१००००<br>८०००<br>१००००</td></tr>
<tr><td>२३१-९/१९</td><td>राजु राय</td><td>पोखरा</td><td>८/१८-८।२४</td><td>९०००</td></tr>
<tr><td rowspan="3">२८६-११/६</td><td rowspan="3">लालु प्रसाद साह</td><td>जनकपुरधाम</td><td>९/२८-१०/२</td><td>७८००</td></tr>
<tr><td>जनकपुर</td><td>९/१९-९।२५</td><td>११०००</td></tr>
<tr><td>काठमाडौं</td><td>९/४-९।१०</td><td>१३४००</td></tr>
</table></td><td>१७२,६००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td rowspan="3">२९६-११/१८</td><td>राम सिंहासन राम</td><td>बर्दिवास</td><td>९/२५-९।३०</td><td>७२००</td></tr>
<tr><td rowspan="2">राम अधिन राय</td><td>विरगन्ज</td><td>११/१-११।७</td><td>५०००</td></tr>
<tr><td>जनकपुर</td><td>९/२६-१०/२</td><td>५०००</td></tr>
<tr><td>३४२-१/१३</td><td>राम पवित्र राय</td><td>काठमाडौं</td><td>११/१-११।८</td><td>९९००</td></tr>
<tr><td>४६१-३/२५</td><td>राम फ्रेस साह</td><td>धनुषा</td><td>९/४-९।१०</td><td>८०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१७२६००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>विविध खर्च- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च गर्नु अघी त्यस्तो खर्च गर्न रित पुगे नपुगेको जाँच गर्नुपर्दछ । गाउँपालिकाले यस बर्ष रू. ३९ लाख ९९ हजार विविध खर्च गरेको छ । विविध खर्चका विल भर्पाइ संलग्न भएता पनि उक्त विविध खर्च के कुन प्रयोजनको लागी खर्च लेखीएको हो सो खुल्ने प्रमाण स्रेस्तासाथ संलग्न गरिएको छैन । पुष्टयाइ संलग्न नहुँदा विविध खर्चको वास्तविकता यकिन हुन सकेन । प्रयोजन बेगर विविध खर्च लेख्ने प्रवृतिमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५२</td><td>२४०</td><td>२०७८-९-१९</td><td>विल भर्पाइ- आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च गर्नु अघी त्यस्तो खर्च गर्न रित पुगे नपुगेको जाँच गर्नुपर्दछ । सवारी मर्मत खर्च शिर्षकमा किशोरी राय यादवलाई रु. १९,५०० भुक्तानी दिईएकोमा सवारी मर्मत बिल र मर्मत आदेश समेत संलग्न नभएकोले विल बेगरको उक्त रकम असुल हुनुपर्ने रु.</td><td>१९,५००</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>इन्धन खर्च- सवारी लगबुकको प्रयोगले सवारी प्रयोगकर्ताको गन्तव्य स्थान, दुरी, समय र इन्धन खपत बीच सामानजस्ता एवम् मितव्ययीता कायम हुने तथा म ले प फारम नं ९०५ भरी राख्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यो वर्ष इन्धन कार्यालय प्रयोजन शिर्षक बाट रु ४३,७५,७०७, इन्धन पदाधिकारीबाट रु. ६,२८,५७२ गरी रु. ५०,०४,२७९ खर्च गरेको छ। गाउँपालिकले इन्धन खर्च भुक्तानी गर्दा स्पष्ट विवरण खुल्ने गरी लगबुक राख्नुपर्नेमा सो नराखेकोले कसलाई के प्रयोजनमा इन्धन दिएको हो खुल्न सकेन । तोकिएको ढाँचामा सम्पूर्ण विवरण उल्लेख गरी ईन्धन खर्चको लगबुक राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५४</td><td>३४</td><td>२०७८-</td><td>प्रमाण वेगरको खर्च- आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले</td><td>१५४,५८९</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | ६-२४ | सरकारी रकम खर्च गर्नु अघी त्यस्तो खर्च गर्न रित पुगे नपुगेको जाँच गर्नुपर्दछ । भौचर साथ सतपाल हाइटेक नर्सरी बागबानी फर्म बाट रु ९२,५०० को आप, नरिवल, अनार कलमी, रेड लिड मेवा जस्ता विरुवा, पि.टी. ट्रेडर्सबाट रु १८,४५० को कुट्टो कोदालो, विभिन्न होटलका खाना तथा खाजाको विल र विभिन्न पसलहरुको चामल, मासु, पनिर लगायतको खद्ययान्न सामाग्री खरिदको बिलबिजक संलग्न गरी ह. स. चा. रविन्द्र सिंहलाई रु. १,५४,५८९ भुक्तानी दिएको छ । स्रेस्तासाथ खरीद आदेश, माग फारम, कार्यादिश संलग्न नरहेकोमा के कुन प्रयोजनको लागि उक्त विरुवा औजार तथा खाद्यान्न खरीद गरेको खुलेको छैन । खरिद गरेको विरुवाको उपयोगको प्रमाण पेश गरी विविध खर्चको प्रयोजन खुल्ने प्रमाण समेत पेश हुनुपर्ने रु. | |
| ५५ | २८८ | २०७८-११-६ | **बरबुझारथ** - निजामती सेवा ऐन २०४९ को दफा ७४ मा अवकाश पश्चात आफ्नो जिम्मामा रहेको समाग्री बरबुझारथ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले S R N Trade and Supplier संग रु. २५,००० को Techno Povaz (6/128) मोबाइल सेट खरीद गरी निमित्त प्रमुख प्रशासकिय अधिकृत लाल बाबु साहले बुझिलिएको देखिन्छ । उक्त मोबाइलको जिन्सि दाखिला गरेको छैन । निज नि.प्र.प्र.अ. मिति २०७९/३/४ अनिवार्य अवकाश भएकोमा सो मोबाइल बरबुझारथ गरेको छैन । कार्यालय प्रयोजनको लागी खरिद गरीएको मोबाइल निजले फिर्ता नगरेकोमा उक्त मोबाइलको मूल्य निजबाट असुल हुनुपर्ने रु. | २५,००० |
| ५६ | | | **श्रेस्ता पेश नभएको** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३५ (१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तिय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । स्थलगत लेखापरीक्षणका क्रममा पटक पटक माग गर्दा समेत निम्न बमोजिमको खर्चका श्रेस्ता एवं गोश्वारा भौचर साथ खर्चलाई पुष्टाई गर्ने बिल भरपाई पेश भएन । खर्चको श्रेस्ता पेश गरी लेखापरीक्षणकोलागी पेश हुनुपर्ने रु<br><br>**भौ नं मिति** \| **भुक्तानी पाउने** \| **रकम**<br>१८०-८/२४ \| ऐना एडभरटाइजमेन्ट प्रा. लि. \| १७०८५६<br>२३८-९/१९ \| लाली गुरांस जेनरल अर्डर सप्लायर्स \| ९८३१०<br>४२८-३/४ \| सुजित कुमार सिंह \| २०५०००<br> \| जम्मा \| ४७४१६६ | ४७४,१६६ |
| ५७ | | | **बढी ग्रेड** - प्रदेश र स्थानीय कर्मचारीको २०७८ साउन देखि लागु हुने तलबमानमा कार्यालय सहयोगीको अधिक्तम ४ ग्रेड हुने उल्लेख छ । कार्यालय सहयोगी मोहनलाल साहलाई रु ७५६ को दरले ८ ग्रेडको मासिक रु. ६,०४८ ले रु.३९,३१२ भुक्तानी गरेको छ । यसरी तोकिएको अधिक्तम ग्रेड संख्या भन्दा बढी भुक्तानी भएको संचयकोष थप समेत असुल उपर हुनुपर्ने रु | ४३,२४३ |

<table>
<tr>
<td>५८</td>
<td></td>
<td></td>
<td>
पदाधिकारी सेवा सुविधा - स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धी ऐन, २०७७ को दफा ४ मा यातायात खर्च उपलब्ध गराइएको पदाधिकारी तथा सदस्यहरुले सवारी साधन, इन्धन र मोबील खर्च नपाउने व्यवस्था छ । निम्नानुसारको पदाधिकारीले कार्यालयबाट सवारी साधन बुझी प्रयोग गरिरहेकोमा पदाधिकारी यातायात खर्च शिर्षक बाट मासिक यातायात खर्च उपलब्ध गराइएको छ । ऐनको व्यवस्था बमोजिम सवारी साधन बुझेको पदाधिकारीलाई पुन यातायात खर्च भुक्तानी दिन नमिल्नेमा दोहोरो सुविधा बापको रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>नाम</th><th>यातायात खर्च मासिक रु.</th><th>इन्धन (प्रति लि.रु १३०)</th><th>सवारी नं</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>उपाध्यक्ष वशोदा कुमारी</td><td>१४५००</td><td>१०० लि</td><td>ना ११ प्र १५०</td><td>४३५००</td><td>श्रावण भाद्र र असोजको यातायात खर्च</td></tr>
<tr><td>वडा अध्यक्ष कृष्ण मुरारी यादव</td><td>१००००</td><td>२५ लि</td><td>ना १ ब ३७२५</td><td>७६२५०</td><td>६ महिना यातायात र ५ महिना इन्धन खर्च बढी</td></tr>
<tr><td>वडा अध्यक्ष अब्दुल अहद कवाडी</td><td>१००००</td><td>२५</td><td>ना १ ब ३७४१</td><td>५६०००</td><td>३ महिना यातायात र ८ महिनाको इन्धन बढी</td></tr>
<tr><td>वडा अध्यक्ष नागेन्द्र प्रसाद साह</td><td>१००००</td><td>२५</td><td></td><td>९५००</td><td>इन्धन ३ महिना बढी</td></tr>
<tr><td>वडा अध्यक्ष प्रेम राय</td><td>१००००</td><td>२५</td><td>ना १ ब ३७४४</td><td>३००००</td><td>३ महिना यातायात</td></tr>
<tr><td>वडा अध्यक्ष राम कैलाश राउत</td><td>१००००</td><td>२५</td><td>नखुलेको</td><td>७००००</td><td>७ महिनाको यातायात बढी</td></tr>
<tr><td>वडा अध्यक्ष विजय साह कलवार</td><td>१००००</td><td>२५</td><td>नखुलेको</td><td>५९२५०</td><td>९ महिनाको इन्धन र ३ महिना यातायात खर्च बढी</td></tr>
<tr><td>वडा अध्यक्ष रामनाथ भारति</td><td>१००००</td><td>२५</td><td>ना १ ब ३७४२</td><td>३००००</td><td>३ महिना यातायात बढि</td></tr>
<tr><td>का.पा. सदस्य विनोद साह</td><td>८०००</td><td></td><td>नखुलेको</td><td>२४०००</td><td>३ महिना यातायात बढि</td></tr>
</table>
</td>
<td>४२२,५००</td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| का.पा. सदस्य सुशिला कुमारी ठाकुर | ८००० | | ना १ ब ३७३६ | २४००० | ३ महिना यातायात बढि |
| | | | जम्मा | ४२२५०० | |

| | | | | |
|---|---|---|---|---|
| ५९ | | | **करार कर्मचारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्भेक्षण नगरी २५ जना कार्यालय सहयोगीलाई मासिक रु १५,००० को दरले बार्षिक रु ५१,२५,००० पारिश्रमीक भुक्तानी गरेको छ । संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी आवश्यक दरबन्दी कायम गरी पदपूर्ति हुनुपर्दछ । | |
| ६० | १६७ | २०७८-८-२० | **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन,सञ्चालन व्यवस्थापन, सेवा सर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवा गठन, संचालन तथा ब्यबस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । गाउँपालिकामा कार्यरत ३७ जना कर्मचारीलाई श्रावण देखी मङ्सिर सम्म मासिक पारिश्रमिक को १५ प्रतिशतले हुन आउने रकम रु. ८,४४,७९७ प्रोत्साहन भत्ता भुक्तानी गरेको छ । गाँउपालिकाले आफनो आन्तरीक आय समेतलाई विचार गरी प्रोत्साहन भत्ता पाउनेको कुनै सूचक र मापदण्ड तयार नगरी एकमुष्ट प्रोत्साहन भत्ता भुक्तानी गर्न मिल्ने देखिदैन । | |
| ६१ | | | **सम्झौता भन्दा बढी तलब** - करार सम्झौता उल्लेख भएको सर्तमा सेवा सुविधा बमोजिम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालय सहायक राम सिंहाशन रामलाई चौथो तहमा नियुक्ती गरेको र सोही बमोजिम मासिक २८,६१० को दरले पारिश्रमिक भुक्तानी गर्नुपर्नेमा पाचौं तहको तलबमान बापत मासिक रु. ३०,२०० भुक्तानी लिएको पाइयो । यसरी सम्झौतामा उल्लेखीत दर भन्दा मासिक रु. १,५९० ले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने जम्मा रु. | २०,६७० |
| ६२ | | | **औषधि खरिद** - गाउँपालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये गाउँपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना बाँकी हुनु पर्दछ । त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। | |

| | | | | |
|---|---|---|---|---|
| | | | गाँउपालिकाले औषधि र उपकरण खरिद गरी नासा मेडिको सप्लायर्सलाइ भौचर ४९-८।२७ बाट रु. १५,००,००० र ७०-९।४ बाट रु. २९,९१,३२२ गरी रु. ४४,९१,३२२ भुक्तानी दिएको छ । गाँउपालिकाले उक्त औषधि खरिदको लागी ४५ लाखको लागत अनुमान तयार गरेकोमा सोको आधार पेश गरेको छैन । साथै उक्त खरिद कार्यकोलागी सर्लाही अपडेट दैनिक नामक सिमित प्रकाशन क्षेत्र भएको पत्रिकामा सिलबन्दी दरभाउ आव्हान गरेको तथा लागत अनुमानको तुलनमा ०.००२ प्रतिशत मात्र घटीमा कबोल भइ सम्झौता तथा भुक्तानी गरेकोमा खरिद कार्य प्रतिश्पर्धि र पारदर्शि रहेको सम्बन्धमा विश्वस्त हुने आधार रहेन । गाउँपालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति भएको औषधीको उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । खरिद भएको औषधिको eLMIS / PAMS मा प्रविष्टि नगरेकोमा प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाइ खरिद भएको सम्पूर्ण औषधि eLMIS / PAMS मा प्रविष्टि गरी वितरण हस्तान्तरण तथा मौज्दात व्यवस्थित गर्नुपर्दछ । | |
| ६३ | | | **प्राविधिक ग्रेड बढी निकासा** - निजामति सेवा ऐन २०४९ को दफा ७ (ख)२ अनुसार सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गर्नुपर्ने तथा सोही बमोजिम तलब तथा ग्रेड भुक्तानी गर्नुपर्ने व्यवस्था छ । अधिकृत छैठौं रामरुप रायको मासिक ग्रेड रकम रु. २,५३४ को दरले निकासा गर्नुपर्नेमा श्रावण देखी पौष सम्मको (७ महिना) रु. ७,६०२ को दरले निकासा गरेको पाइयो । यसरी उक्त कर्मचारीले पाउने नियमीत मासिक ग्रेड रकम भन्दा रु ५,०६८ बढी दरमा जम्मा रु. ३९,०२६.६ (कर्मचारी संचयकोष समेत) बढी भुक्तानी गरेको पाइयो । बढी भुक्तानी भएको असुल गरी संघिय संचितकोष दाखिला हुनुपर्ने रु. | ३९,०२६ |
| ६४ | | | **सट्टा विदा** - सार्वजनिक खर्चलाइ मित्व्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को बूदा ११ मा प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरे बापत भत्ता, जोखिम भत्ता, विशेष भत्ता, खाजा खाना लगायतका कुनै प्रकारका भत्ता प्रदान नगरिने उल्लेख छ । गाँउपालिका अन्तर्गत संचालित ३ वटा बर्थिङ्ग सेन्टरमा कार्यरत स्वास्थ्यकर्मीलाइ सार्वजनिक विदाको दिनमा कार्य गरे वापत सट्टा बिदा वापत गत आर्थिक बर्षको रु. ८,५१,१२१ सहित निम्नानुसारको रु.११,३३,२४१ भुक्तानी गरेको छ । कार्यालयले पेश गरेको गत बर्षको भुक्तानी बाँकीको प्रमाणीत कच्चावारीमा उक्त रकम उल्लेख भएको पाइएन । यसरी भुक्तानी बाँकीको कच्चावारी संलग्न नरहेकोमा गत बर्ष भुक्तानी भए नभएको सम्बन्धमा विश्वस्त हुने आधार रहेन । कार्यालयले उक्त कर्मचारी सार्वजनिक बिदाको दिनमा उपस्थित भइ काम गरेको सम्बन्धमा सम्बन्धित स्वास्थ्य चौकीको मूल हाजिर रजिष्टरको हाजिरसँग पेश भएको हाजिर उतार फारम भिडान गरी भुक्तानी बाँकी रहेको प्रमाण पेश हुनुपर्ने रु. | १,१३३,२४१ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौचर</th><th>भुक्तानी पाउने</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>३३-८।९</td><td>शिवशंकर प्रसाद यादव</td><td>२२५६९९</td><td>सुन्दरपुर स्वास्थ्य चौकीको ३ जनालाइ ८१ दिनको गत आ.ब.को छुट भत्ताको भर्पाइ संलग्न, भुक्तानी बाँकीको प्रमाणीत कच्चाबारी बेगर</td></tr>
<tr><td>३४-८।९</td><td>सुभाष कुमार यादव</td><td>१६५७४२</td><td>औरही स्वास्थ्य चौकीको ४ जनालाइ गत आ.ब.को छुट भत्ताको भर्पाइ संलग्न, भुक्तानी बाँकीको प्रमाणीत कच्चाबारी तथा हाजिर उतार फारम बेगर</td></tr>
<tr><td>३९-८।२०</td><td>रामरुप राय</td><td>४५९६८०</td><td>खोरीया स्वास्थ्य चौकीको ७ जनालाइ गत आ.ब.को छुट भत्ताको भर्पाइ संलग्न, भुक्तानी बाँकीको प्रमाणीत कच्चाबारी बेगर</td></tr>
<tr><td>५३-९।६</td><td>सुभाष कुमार यादव</td><td>२८२१२०</td><td>औरही स्वास्थ्य चौकीको ६ जनालाइ ०७८ श्रावण देखी कार्तिक सम्मको ३६ दिनको भत्ताको भर्पाइ संलग्न</td></tr>
<tr><td></td><td>जम्मा</td><td>११३३२४१</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>
शसर्त अनुदान फिर्ता - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । निम्नानुसारको कार्यक्रम संचालन गरी खर्च नभएको रकम गाउँपालिकाको चालु खर्च खातमा दाखिला गरेको पाइयो । उक्त रकम संघिय संचितकोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>भौचर।मिति</th><th>व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>२३८-३।२९</td><td>आमा सुरक्षा कार्यक्रम संचालन गरी युगल किशोर साहको रु २४६००० पेश्की फर्छ्यौट</td><td>४८०००</td></tr>
<tr><td>२४५-३।२१</td><td>आमा सुरक्षा कार्यक्रम संचालन गरी राम बहादुर साहको रु ९२०००० पेश्की फर्छ्यौट</td><td>१०००००</td></tr>
<tr><td>२६८-३।३२</td><td>पोषण सम्वेदनशीलता सम्बन्धि तालिम संचालन गरी रामइश्वर रायको २२५००० पेश्की फर्छ्यौट</td><td>२८५६०</td></tr>
</table>
</td><td>१७६,५६०</td></tr>
<tr><td>६६</td><td></td><td></td><td>समायोजन ग्रेड - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. ३०५ मिति २०७९।२।५ को समायोजन भएका स्वास्थ्य सेवा कर्मचारीको ग्रेड सम्बन्धी पत्रमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७(८) बमोजिम समान तहमा समायोजन भएका नेपाल स्वास्थ्य सेवाका कर्मचारीलाई समयोजन ग्रेड थप गरी उपलब्ध गराउने साथै त्यस्तो ग्रेड समायोजन भइ गएका तहमा बहाल रहेसम्म पाउने, स्तरवृद्धि भएपश्चात जुन तहमा स्तर वृद्धि भएको हो सो तहको सुरु तलब स्केल मात्र पाउने तर त्यस्तो सुरु स्केल खाईपाई आएको रकम भन्दा कम भएमा प्रचलित कानुनबमोजिम उपलब्ध गराउने उल्लेख छ । यस</td><td>४९,५५९</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>गाँउपालिकाको निम्नानुसारको स्वास्थ्य तर्फ कर्मचारीलाई समायोजन ग्रेड भुक्तानी गर्दै आएकोमा स्तरवृद्धि भए पश्चात यस बर्ष समयोजन ग्रेड (संचयकोष थप समेत) भुक्तानी भएको छ । स्तरवृद्धि पश्चात भुक्तानी भएको समायोजन ग्रेड असुल हुनुपर्ने रु.
<table>
<tr><th>नाम</th><th>मासिक समायोजन ग्रेहमासिक</th><th>असुल हुनुपर्ने संचयकोष समेत</th></tr>
<tr><td>सूभाष कूमार यादव</td><td>२५३४।००</td><td>३३४४९</td></tr>
<tr><td>रामविश्वास साह</td><td>२०१४।००</td><td>२६५८५</td></tr>
<tr><td>राकेश राय</td><td>२०१४।००</td><td>२६५८५</td></tr>
<tr><td>रामध्यान अधिकारी</td><td>२०१४।००</td><td>२६५८५</td></tr>
<tr><td>शम्भुनाथ महतो</td><td>२०१४।००</td><td>२६५८५</td></tr>
<tr><td>विश्वनाथ ठाकूर</td><td>२०१४।००</td><td>२६५८५</td></tr>
<tr><td>उमेश कूमार यादव</td><td>२५३४।००</td><td>५५७५</td></tr>
<tr><td>शिवशंकर प्रसाद यादव</td><td>२५३४।००</td><td>५५७४</td></tr>
<tr><td>श्यामबाबू अधिकारी</td><td>२५३४।००</td><td>१६७२४</td></tr>
<tr><td>पूनिता कूशवाहा</td><td>२०१४।००</td><td>२६५८५</td></tr>
<tr><td>राजदेव राय</td><td>१९०८।००</td><td>१३२९२</td></tr>
<tr><td>रामसागर साह</td><td>२०१४।००</td><td>२६५८५</td></tr>
<tr><td>सूनिता राई</td><td>१९०८।००</td><td>८३९५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२६९१०३</td></tr>
</table></td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>तलब निकासा- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को मा स्थानिय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त गरी वा अद्यावधिक गरि सोहि अनुसार दरबन्दी, राहत र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुका लागि विद्यालयबाट प्राप्त माग फारम रुजुगरी अनुदान निकासा गर्ने व्यवस्था छ । यस गाँउपालिकाले स्थायी शिक्षकहरुको तलवि प्रतिवेदन पारित गराइ सो बमोजिम</td><td>६०,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | निकासा गर्नुपर्नेमा सो नगरेको, शिक्षक सरुवा बढुवा, राजिनामा, अवकाश लगायतको एकिकृत विवरण पेश नगरेको तथा विद्यालयको माग फारमलाइ मात्र आधार लिइ १० वटा विद्यालयलाई रु.३,५०,३०,३९० तलब निकासा गरेको पाइयो । लेखापरीक्षण योजना बमोजिम २५ प्रतिशत विद्यालयको माग फारम बमोजिमको निकासा भिडान गरिएको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था विपरित तलबि प्रतिवेदन बेगर तलब निकासा गरेकोमा ग्रेड भिडान तथा दरबन्दि बमोजिमको निकासा भिडान गर्न सकिएन । तलवि प्रतिवेदन पारित गराइ विद्यालयबाट प्राप्त माग फारम रुजु गरी अनुदान निकासा गर्ने पद्धती अवलम्वन गर्नुपर्दछ । जनता प्रा. वि. गोइयाहीमा तेस्रो चौमासिक निकासा गर्दा विद्यालयले रु ७,७०,९२४ माग गरेकोमा रु ८,३०,९२५ निकासा भए बाट माग गरेको भान्दा बाढी निकासा भएको रकम रु.६०,००० विद्यालयबाट फिर्ता लिई संघीय संचितकोष दाखिला गर्नुपर्ने रु. | |
| ६८ | २२६ | २०७९-३-२५ | **छात्रवृति निकासा** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८ मा ईमिसमा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ईमिस मा प्रविष्टि भएको तथ्यांकको आधारमा १० वटा विद्यालयमा रु.१०,५३,२०० छात्रवृति निकासा गरेको छ । ईमिसमा प्रवृष्टि भएको संख्यालाई सत्यापन गरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्नेमा सो नगरी छात्रवृति निकासा दिएको नियमसंगत देखिदैन । लेखापरीक्षण अवधिमा रासनारायण प्रा वि र जनता प्रा वि गोइयाहीको स्थलगत निरीक्षण गर्दा उक्त विद्यालयहरुले छात्रवृती रकम हालसम्म वितरण नगरेको जनाएको छ । विद्यालयहरुले छात्रवृत्ति वितरणको भरपाई पेश नगरेकोमा निकासा भन्दा घटी वितरण भएमा असुल गरी छात्रवृति वापतको रकम वितरणको प्रमाण पेश गर्नुपर्ने रु. | ८२३,२०० |

| विद्यालय | निकासा रकम | भर्पाइ पेश | बाँकी |
|---|---|---|---|
| जनता मा.वि. ८ औरही | २५७२०० | ० | २५७२०० |
| जनता मा वि चक्रघट्टा २ बेल्ही | १३७२०० | १३४४०० | २८०० |
| जनता प्रा.वि.चक्रघट्टा ४ सुन्दरपुर | ७७२०० | ० | ७७२०० |
| होस्टे हैंसे प्रा.वि. ५ | ५७६०० | ० | ५७६०० |
| राशनारायण प्रा.वि. १ शिवनगर | ७०८०० | ० | ७०८०० |
| जनता मा.वि.पडरीया | १५३६०० | ० | १५३६०० |
| रामजानकी मा.वि ९ खोरीया | १५७२०० | ० | १५७२०० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जनता प्रा.वि.गोइयाही ६</td><td>६४०००</td><td>५९२००</td><td>४८००</td></tr>
<tr><td>प्रा.वि. चक्रघट्टा ८</td><td>३७२००</td><td>३७२००</td><td>०</td></tr>
<tr><td>सामुदायिक प्रा.वि.सुन्दरपुर ४</td><td>४२०००</td><td>०</td><td>४२०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>८२३२००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>
पाठयपुस्तक अनुदान - कार्यक्रम कार्यन्वयन पुस्तिका, २०७८।७९ मा निःशुल्क पाठयपुस्तक अनुदान अन्तर्गत ईमिसमा प्रविष्टि तथ्याङ्कलाई यथार्थ तथ्याङ्क सँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी यकीन संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयलाई अनुदान दिने र यसरी अनुदान दिदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने तथा २०७८ बैशाखमा सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठयपुस्तक खरीद र वितरण गरेको विवरणको आधारमा यकीन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था छ । गाँउपालिकाले उक्त व्यवस्था विपरीत IEMIS को विद्यार्थी संख्याको आधारमा हुने रकमको भौचर १४७-२।२७ बाट ६० प्रतिशत रु. १७,०७,८७४ र २२९-३।२५ बाट थप रु. ८,१५,८०३ गरी १० विद्यालयमा रु.२५,२३,६७७ निकासा गरेकोमा निम्नानुसारको विद्यालयले पाठयपुस्त खरिदको विल भर्पाइ पेश गरेको छैन । निकासा बमोजिमको पाठयपुस्तक खरीदको विल पेश हुनुपर्दछ ।
<table>
<tr><th>विद्यालय</th><th>निकासा रकम</th></tr>
<tr><td>ज प्रावि गोइयाही</td><td>११८७०२</td></tr>
<tr><td>राश नारायण प्रा.वि.</td><td>९०९५६</td></tr>
<tr><td>ज.मा.वि.पडरीया</td><td>३५५७००</td></tr>
<tr><td>होस्टे हैसे ज प्रा वि</td><td>७३७२१</td></tr>
<tr><td>ज प्रा.वि. सुन्दरपुर</td><td>१२१७६०</td></tr>
<tr><td>सामुदायीक प्रा वि सुन्दरपुर</td><td>१५४३७४</td></tr>
<tr><td>जम्मा</td><td>९१५२१३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७०</td><td>२२६</td><td>२०७९-३-२५</td><td>विल भरपाइ - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३९(५) मा खर्चको विलभरपाइ सहितको लेखा राख्रुपर्ने व्यवस्था छ । कार्यालयले सामुदायिक प्रा वि सुन्दरपुरलाई कम्प्यूटर प्रयोगशाला ICT निर्माण गर्न ६,५०,००० निकासा गरेकोमा सो को</td><td>६५०,०००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>विल भर्पाइ र कार्यालयवाट अनुगमन गरेको प्रतिवेदन पेश भएको छैन । अनुगमन प्रतिवेदन सहितको समान खरिदको विल भरपाइ पेश हुनुपर्ने रु.</td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>दिवा खाजा कार्यक्रम - तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि प्रति विद्यार्थी रु.१५ का दरले विद्यालय संचालन भएको दिनलाइ मात्र आधार मानेर अनुदान दिने व्यवस्था छ । साथै स्थानिय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थि दैनिक हाजिरीपुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणीत गराइ स्थानीय तहमा सँकलन गरी संख्या यकिन भए पश्चात मात्र थप अनुदान दिन सकिने व्यवस्था छ । गाँउपालिकाले दिवा खाजा वापत रु. ४८,१३,६९२ निकासा गरेकोमा सो सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छनः</td><td></td></tr>
<tr><td>७१.१</td><td></td><td></td><td>विद्यालयबाट विद्यार्थि दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणीत गराइ स्थानीय तहमा सँकलन गरी संख्या यकिन गर्नुपर्ने तथा तेस्रो चौमासीकमा निकासा गर्दा पहिलो र दोस्रो चौमासिकमा निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्नुपर्ने व्यवस्था छ । भौचर ७३-१०।११ बाट निम्नानुसारको ८ विद्यालयमा कार्तिक, मंसीर महिनाको दिवा खाजा वापत रु.१४,४९,२२५ पेश्की उपलब्ध गरेको उक्त पेश्की रकम फर्छ्यौट नगरी पुन निम्नानुसारको भौचरबाट १० विद्यालयमा रु. ३३,६४,६७० निकासा गरेको पाइयो । विद्यालयले विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रमाणीत प्रतिलिपि बेगर, विद्यार्थिको संख्यात्मक विवरण बेगर, आंशिक विवरण संलग्न गरेको तथा जेष्ठ र अषाढ महिनामा दिवा खाजा कार्यक्रम संचालन हुने अनुमानीत दिनको आधारमा निकासा माग गरेको र गाउँपालिकाले दिवा खाजा संचालनको अनुगमन समेत नगरी थाप निकासा गरेको पाइयो । गाउँपालिकाले आर्थिक बर्ष २०७८।७९ मा विद्यालय संचालन दिन तथा दिवा खाजा कार्यक्रम संचालन भएको दिन यकिन गरी, उपस्थित विद्यार्थिको हाजिर गणना गरी पेश्की फरछ्यौट गरी निकासा बमोजिमको रकम भिडान गरी बढी भएमा असुल गरी प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>भौचर</th><th>विद्यालय</th><th>खर्च रकम</th><th>पेश्की बाँकी</th><th>जम्मा निकासा</th></tr>
<tr><td>१७२-३।२४</td><td>जनता मा.वि. ८ औरही</td><td>७०००००</td><td>२४२३२५</td><td>९४२३२५</td></tr>
<tr><td>१७३-३।२४</td><td>जनता मा वि चक्रघट्टा २ बेल्ही</td><td>४०००००</td><td>१७६८५०</td><td>५७६८५०</td></tr>
<tr><td rowspan="3">१७०-२।४</td><td>जनता प्रा.वि.चक्रघट्टा ४ सुन्दरपुर</td><td>३४४३४०</td><td>१९३७२५</td><td>५३८०६५</td></tr>
<tr><td>होस्टे हैंसे प्रा.वि. ५</td><td>२१६२८५</td><td>१६६०५०</td><td>३८२३३५</td></tr>
<tr><td>राशनारायण प्रा.वि. १ शिवनगर</td><td>४१८७७०</td><td>१३३६५०</td><td>५५२४२०</td></tr>
</table></td><td>३,३६४,६७०</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>जनता मा.वि.पडरीया</td><td>३१०५९५</td><td>२०२५००</td><td>५१३०९५</td></tr>
<tr><td></td><td>रामजानकी मा.वि ९ खोरीया</td><td>१६८०००</td><td>२३३५५०</td><td>४०१५५०</td></tr>
<tr><td>१४८-२।२७</td><td>जनता प्रा.वि.गोइयाही ६</td><td>३९३०००</td><td></td><td>३९३०००</td></tr>
<tr><td rowspan="2">६२-९।१६</td><td>प्रा.वि. चक्रघट्टा ८</td><td>१८७६८०</td><td>१००५७५</td><td>२८८२५५</td></tr>
<tr><td>सामुदायिक प्रा.वि.सुन्दरपुर ४</td><td>२२६०००</td><td></td><td>२२६०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३३६४६७०</td><td>१४४९२२५</td><td>४८१३८९५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७१.२</td><td>१७०</td><td>२०७९-३-४</td><td>राशनारायण प्रा.वि. १ शिवनगरले दिवा खाजा वापत पौष देखी अषाढ सम्मको जम्मा रु. ३,१०,५९५ माग गरेकोमा गाउँपलिकाले रु. ४,१८,७७० निकासा गरी रु.१,०८,१७५ बढी निकासा गरेको छ । माग भन्दा बढी निकासा भएको रकम असुल हुनुपर्ने रु.</td><td>१०८,१७५</td></tr>
<tr><td>७२</td><td></td><td></td><td>शिक्षण सहयोग अनुदान</td><td></td></tr>
<tr><td>७२.१</td><td>२२६</td><td>२०७९-३-२५</td><td>अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान अन्तर्गत शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दी मिलानको प्रतिवेदन अनुरुप कुनै पनि दरवन्दी वा राहत अनुदान भएका गणित, अंग्रेजी र विज्ञान विषयको शिक्षक व्यवस्थापनका लागि शुन्य दरवन्दी भएका विद्यालय मा. वि. तह (९-१०) लाई २ र आधारभुत तह नि मा वि तह (६-८) लाई १ शिक्षकको अनुदान निकासा शिक्षक भर्ना भएपछि उपलब्ध गराउने उल्लेख छ । जनता प्रा.वि. गोइयाहीमा आधारभुत तहको कक्षा संचालन नभएकोमा उक्त कार्यक्रम अन्तर्गत रु.३,३८,४०० निकासा भएको छ । यसरी आधारभुत तहको कक्षा संचालन नभएको विद्यालयमा शिक्षण सहयोग अनुदान रकम निकासा दिन नमिल्ने हुँदा असुल हुनुपर्ने रु.</td><td>३३८,४००</td></tr>
<tr><td>७२.२</td><td></td><td></td><td>कार्यक्रम कार्यान्वयन पुस्तीका २०७८।७९ मा शिक्षण सहयोग अनुदान कार्यक्रम अन्तर्गत शिक्षक भर्ना भएपछि अनुदान निकासा गर्नुपर्ने उल्लेख छ । कार्यालयले मासिक रु.३५,९९० को दरले जनता मा.वि.औरही मा रु. १२,९५,५७१, रामजानकी प्रा.वि खोरीयामा रु. १२,९५,५७१ र जनता मा.वि. पडरीयामा रु. ४,३१,८५७ निकासा गरेकोमा उक्त विद्यालयहरुले शिक्षण सहयोग अनुदान कार्यक्रम अन्तर्गत गणित, अंग्रेजी र विज्ञान विषयका लागी शिक्षक नियुक्त गरेको प्रमाण पेश गरेको छैन । लेखापरीक्षणको क्रममा क्र.सं.१ र २ मा उल्लेख भएको विद्यालयले बढी निकासा भएको रु.४,३१,८११ को दरले ८,६३,६२२ फिर्ता गरेकोले बाँकी रु. २१,०५,३७७ को शिक्षण सहयोग अनुदान कार्यक्रम अन्तर्गत शिक्षक नियुक्ती, हाजिर विवरण सहित</td><td></td></tr>
</table>

पारीश्रमीक भुक्तानीको प्रमाण पेश हुनुपर्दछ ।

| क्र.सं. | विद्यालय | रकम | कैफियत |
|---|---|---|---|
| १ | जनता मा.वि.औरही | ८३६७६० | मासिक ३५९९० को दरले २ शिक्षक |
| २ | रामजानकी प्रा.वि खोरीया | ८३६७६० | |
| ३ | जनता मा.वि.पडरीया | ४३१८५७ | मासिक ३५९९० को दरले १ शिक्षक |
| | जम्मा | २१०५३७७ | |

७३ **धान र मकै प्रवर्धन कार्यक्रम** - गाउँपालिकाले धान प्रवर्धन कार्यक्रम संचालन गरी ६४ लाख खर्च लेखेकोमा यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छ ।

७३.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद गर्दा प्रतिस्पर्धा सिमिति हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८४ मा रु.२० लाखसम्मको मालसामान खरिद र निर्माण कार्य गर्दा सिलवन्दी दरभाउपत्र र सो भन्दा वढीको खरिद गर्नु परेमा वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने व्यवस्था छ । साथै नियम ८५(४) मा एक लाख भन्दा बढीको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तिमा तिन वटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउ माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । निम्नानुसारको कृषक समुहले पम्पसेट, डेलीबरी पाइप, चार्जेबल टंकी लागयतको कृषि उपकरण सामाग्री एकै आपूर्तिकर्ता डोर्स ग्रुप अफ कम्पनी संग रु. ५८,०२,३३६ को सोझै खरीद गरेको पाइयो । एकै प्रकृतिको कृषि उपकरण खरिद गर्दा कार्यालयले टेण्डर विधिबाट खरिद गरी कृषक समुहलाइ हस्तान्तरण गर्नुपर्नेमा सो नगरी पटके रुपम कृषक समुह मार्फत सोझै खरिद गराइ भुक्तानी गरेको उपयुक्त देखिएन ।

| गो भौ च नं र मिति | कृषक समुह | भुक्तानी रकम | डोर्स ग्रुप अफ कम्पनीको विल |
|---|---|---|---|
| २२०-३।२५ | चूरीयामाइ कृषक समुह | १०००००० | १३२५८१६ |
| २२१-३।२५ | एभरेष्ट कृषि सहकारी संस्था लि. | १०००००० | १३२५८१६ |
| २२२-३।२५ | परिवर्तनशिल कृषि सहकारी संस्था लि. | १२००००० | १८१४७१९ |
| २२४-३।२५ | गोपाल बाबा कृषि सहकारी संस्था लि. | १०००००० | १३३५९८५ |
| | | जम्मा | ५८०२३३६ |

| | | | | |
|---|---|---|---|---|
| ७३.२ | | | **कृषक छनौट**- धान र मकै प्रवर्द्धन कार्यक्रम संचालन गर्दा स्थानीय तहमा रहेको खेति योग्य र खेति गरिएको जग्गा, सिंचित क्षेत्र, कृषक घर धुरी, कृषि उत्पादकत्व, व्यावसायीक कृषक लागयतका कृषि तथ्याङ्क तयार गरी सो अनुसार आवश्यक पर्ने धान मकैको विउ तथा उपकरण खरिद गर्नुपर्ने तथा कृषकसँग उपलब्ध खेति योग्य जग्गा तथा कृषकको अवस्थाको आधारमा प्रति किसान कोटा तयार गरी अनुदान निकासा गर्नुपर्नेमा सो गरेको प्रमाण पेश भएन । उपरोक्त अनुसारको ४ वटा कृषि समुहलाई रु.५८,०२,३३६ को कृषि औजार तथा उपकरण र रु.४,४७,६०० को विउ खरिदको विल संलग्न गरी ५० प्रतिशत अनुदान निकासा गरेको छ । उक्त समुहले पेश गरेको भर्पाइमा कुनै पनि किसानको सम्पर्क नम्बर उल्लेख नभएको, परिचय खुल्ने कागजात सँलग्न नरहेको, सम्बन्धित वडाको सिफारिश समेत रहेको पाइएन । चुरीयामाइ कृषक समुहलाइ भौचर २२० बाट १० लाख भुक्तानी भएको छ । उक्त स्रेस्ता साथ समुहमा आवद्ध २३८ जना कृषकको नाम र जग्गा क्षेत्रफल सहितको अनुसूची पेश भएको छ । रु.१३,२५,८१६ को २५ थान डिजल पम्पसेट, २६२ के.जी. डेलीबरी पाइप, १०० पिस चारजेवल टंकी खरीद गरी १०० जना कृषकलाइ वितरणको भर्पाइ संलग्न छ । सो मध्ये निम्नानुसारको २१ वटा कृषकले प्रति सेट रु.३९,५४५ को दरले १ थान डिजल पम्पसेट, १ चार्जेवल टंकी र २० के.जी. डेलीबरी पाइप गरी जम्मा रु ८,३०,३२५ को सामान बुझेकोमा पेश भएको कृषक अनुसूचीमा उक्त सामान बुझने व्यक्तीको नाम संलग्न रहेको तथा परिचय खुल्ने कागजात संलग्न गरेको छैन। यसरी कृषक समुहमा आवद्ध नरहेको व्यक्तीलाइ सामाग्री वितरण गरेको निमयसंगत नदेखिएको रु. | ८३०,३२५ |

| क्र.सं. | नाम | क्र.सं. | नाम |
|---|---|---|---|
| १ | राज कुमार साह | १२ | दगा साह-३ |
| २ | रामइश्वर साह | १३ | रमेश साह-३ |
| ३ | सोगारत साह | १४ | ब्रह साह-३ |
| ४ | दरोगा साह | १५ | दिपलाल साह-३ |
| ५ | रामधारी साह | १६ | पलट पंडीत-३ |
| ६ | कपिलदेव सा तेली | १७ | विनोद साह-३ |
| ७ | हिरावन साह-३ | १८ | नथुनी साह-३ |
| ८ | श्याम सुन्दर साह-४ | १९ | विझल दयाल साह-३ |
| ९ | सुरेन्द्र साह-४ | २० | राम सेवक साह-३ |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>१०</td><td>मोहित साह</td><td>२१</td><td>छट्टु दाश-३</td></tr><tr><td>११</td><td>राज किशोर साह</td><td></td><td></td></tr></table></td><td></td></tr>
<tr><td>७३.३</td><td>२२३</td><td>२०७९-३-२५</td><td>पकेट निरन्तरता कार्यक्रम अन्तर्गत रु ७,६२,३०० को लागत अनुमान तयार गरी ६ लाख कार्यालयले व्यहोर्ने गरी मुखीया कृषक समुहलाई ६ लाख भुक्तानी भएको छ । उक्त स्रेस्ता साथ रु ६,४४,९४० को विल भर्पाइ संलग्न रहेकोमा सो मा कार्यालयको अनुपात ७८.७ प्रतिशतले रु ५,२१,००१ भुक्तानी गर्न पर्नेमा रु. ७८,९९९ बढी भुक्तानी भएको छ । बढी भुक्तानी रकम असुल हुनुपर्ने रु.</td><td>७८,९९९</td></tr>
<tr><td>७३.४</td><td></td><td></td><td>अनुदानको अनुगमन - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले अनुदानको सही सदुपयोग भएनभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धि मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुनेगरी अनुदान लाभग्राहीको जीवनस्तरमा सुधार आएको एकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनु जरुरी छ।</td><td></td></tr>
<tr><td>७४</td><td>१८४</td><td>२०७९-३-२४</td><td>प्रविधि हस्तान्तरण - गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ। कार्यालयले ८० थान स्प्रे टयांकी खरीद गरी डोर्स ग्रुप अफ कम्पनी लाइ रु ३५९९६ भुक्तानी गरेको छ । प्रविधि हस्तान्तरण तर्फ उक्त स्प्रे टयांकी ८० जना कृषकलाइ वितरणको भर्पाइ संलग्न गरेकोमा २० प्रतिशतले हुने रु ७१,१९२ बराबरको कृषकको सहभागीता कट्टा नगरी सम्पूर्ण रकम गाँउपालिकाले व्यहोरेको छ । यसरी २० प्रतिशत रकम सम्वन्धित लघु उद्यमीबाट असुल गरी दाखिला गर्नु पर्ने रु.</td><td>७१,१९२</td></tr>
<tr><td>७५</td><td>२३०</td><td>२०७९-३-२५</td><td>भ्रमण खर्च - भ्रमण खर्च नियमावली, २०६४ को नियम १० मा एक जिल्ला बाट आर्को जिल्ला वा सोहि जिल्लाको एक कार्यालयबाट २० किलोमिटर भन्दा बढी दुरी भएको अर्को कार्यालयमा कायम मुकायम मुकरर भइ जाने कर्मचारीलाइ तोकिए बमोजिमको भ्रमण खर्च भुक्तानी गर्न सकिने व्यवस्था छ । निम्नानुसारको पदाधिकारी तथा कर्मचारीले गाउँपालिकाको विभिन्न वडामा संचालित कार्यक्रममा सहभागी तथा अनुगमन गरेवापत निम्नानुसार भ्रमण खर्च भुक्तानी लिएको पाइयो । नियमावलीको व्यवस्था विपरीत २० कि.मी. भित्र पर्ने विभिन्न वडामा खटिए वापत भ्रमण भत्ता भुक्तानी गर्न नमिल्ने हुँदा सो रकम असुल हुनुपर्ने</td><td>८०,३००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>रु.
<table>
<tr><th>नाम</th><th>अवधि</th><th>रकम</th></tr>
<tr><td>गापा अध्यक्ष कृष्ण कुमार यादव</td><td>२।१६-२।२५</td><td>१८०००</td></tr>
<tr><td>उपाध्यक्ष मिना देवी राय</td><td>२।१६-२।२५</td><td>१७५००</td></tr>
<tr><td>वडा अध्यक्ष नगेन्द्र प्रसाद साह</td><td>२।१६-२।२५</td><td>८०००</td></tr>
<tr><td>वडा अध्यक्ष राजेश कुमार यादव</td><td>२।१६-२।२५</td><td>८०००</td></tr>
<tr><td>नि.प्र.प्र.अ. लाल बाबु प्रसाद साह</td><td>२।२९-२।३१</td><td>४८००</td></tr>
<tr><td>नि.प्र.प्र.अ. लाल बाबु प्रसाद साह</td><td>२।१६-२।२५</td><td>१४४००</td></tr>
<tr><td>एम.आइ.अ. पवन कुमार कुशवाहा</td><td>२।१६-२।२५</td><td>९६००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>सामाजिक सुरक्षा तर्फ - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७ को दफा २६ बमोजिम सामाजिकसुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा आर्थिक बर्षको अन्त्यमा रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः</td><td></td></tr>
<tr><td>७६.१</td><td></td><td></td><td>भत्ता वितरण - यो वर्ष ९ वटा वडामा सामाजिक सुरक्षा भत्ता वितरणको लागि एक बैंक मार्फत भत्ता वितरण गर्न कोष तथा लेखा नियन्त्रक कार्यालयबाट रु.१०,०३,८९,९३६ निकासा भएकोमा बैंकले तयार गरेको रिभर्श फिडमा बैंकलाइ रु.१०,०५,६७,१४१ प्राप्त भएकोमा लाभग्राही खातामा रु.१०,०३,९८,७२० दाखिला गरेको देखिन्छ । गाउँपालिकाले निकासा भन्दा बढी रु.१,७७,२०५ बैंकमा बढी पठाएको सम्बन्धमा ६९ जना लाभग्राहीको विवरण अध्यावधिक गर्न छुट भएकोमा नयाँ ब्याच बनाइ बैंकमा विगतमा मृत्यु भएका लाभग्राहीको खाताबाट रिभर्ष गरी बाँकी रहेको रकमबाट दाखिला गरेको जनाएको छ । कार्यालयले सम्पूर्ण लाभग्राहीको विवरण अध्यावधिक गरी सामाजिक सुरक्षा भत्ता माग गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७६.२</td><td></td><td></td><td>फिर्ता गर्न बाँकी - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको खातामा दाखिला पश्चात बाँकी रकम फिर्ता गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार बैंकको Refundable (deceased) account N794935241007 खातामा मृत्यु पश्चात रिभर्श गरीएको रकम रु. १,७४,७७२.८ मौज्दात रहेकोमा बैंकले उक्त रकम फिर्ता गरेको छैन । उक्त रकम फिर्ताको प्रमाण पेश हुनुपर्दछ । साथै undistributed account N7949335241006 खातामा रु. ९,२८,३७१.२९ मौज्दात रहेको पाइयो । सो मध्ये गत आर्थिक बर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत उक्त खातामा रु.</td><td>१,१०३,१४४</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | ६,१८,५८३ मौज्दात रहेको र सोको हिसाब मिलान गर्नुपर्ने उल्लेख गरेकोमा हाल सम्म सो गरेको पाइएन । यसरी मृत्यु पश्चातको रिभर्श रकम रु.१,७४,७७२.८ र दाखिला गर्न बाँकी ९,२८,३७१.२९ समेत फिर्ता हुनुपर्ने जम्मा रु. | |
| ७६.३ | | | **अनुगमन तथा निरीक्षण** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा गाउँकार्यपालिका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम गाउँपालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्याक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । | |
| ७६.४ | | | **पारदर्शिता** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ.एम लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीयतहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ । यसवर्ष गाउँपालिकाले सो बमोजिम कार्य गरेको देखिएन । | |
| ७७ | | | **राजस्व तर्फ** - गाउंपालिकाले उपलव्ध गराएको विवरण अनुसार यो बर्ष बिभिन्न शिर्षकमा गरी रु.१२,३२,८७२.७८ आम्दानी गरेको देखाएको छ । उक्त आन्तरिक आयको स्रेस्ताको नमूना छनौट गरी लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन। | |
| ७७.१ | | | गाउँपालिकाले आफ्नो क्षेत्र भित्र आय संकलन गर्न सक्ने क्षेत्रहरु पहिचान गरी तिनमा ठेक्कापट्टावाट सकलन गर्ने क्षेत्र, अमानतबाट सकलन गर्ने क्षेत्र, र अन्यविधिवाट संकलन गर्न सक्ने क्षेत्रको पहिचान गरी तिनको अभिलेख राखि आन्तरिक आय आर्जन गर्नुपर्नेमा सो अनुरुप अभिलेख व्यवस्थित गरी राखेको देखिएन । गाउँपालिका भित्र रहेका बिभिन्न पोखरी तथा हाट बजारमा यो बर्ष २०७९।८० मा कुनै ठेक्कापट्टा लगाएको देखिएन । साथै अमानतवाट समेत कुनै आय आर्जन गरेको छैन । | |
| ७७.२ | | | गाउँपालिकाले देहायका पोखरी तथा हाटबजार ठेक्का विगतमा लागाएकोमा सम्झौता अनुसार सो बाट यो बर्ष २०७९ बैसाख मासान्तसम्ममा प्राप्त हुनुपर्ने देहाय बमोजिमको राजश्व हालसम्म प्राप्त भएको नदेखिएकोले ठेक्का सकार गर्नेलाई सम्झौता तथा प्रचलित कानुन बमोजिम कार्वाही गरी उक्त रकम सरकारी वाँकी सरह असुल गर्नुपर्ने रु | २,०५२,५०० |

| बिवरण | ठेकेदार | सम्झौता मिति | ठेक्का अवधि | सम्झौता रकम | हालसम्म प्राप्त रकम | प्राप्त हुन बाँकी रकम |
|---|---|---|---|---|---|---|
| वडा नं ४ धमीयाही पोखरी | मो नसिर | २०७६।११।१८ | ५ बर्ष | २०५०००० | १०५०००० | १०००००० |
| वडा नं ४ धमीयाही पोखरी | मो नसिर | २०७६।११।१८ | ५ बर्ष | २०५०००० | १०५०००० | १०००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बेल्ही बजार ठेक्का | हरि नरायण राय | २०७६।११।७ | २ बर्ष | १०५००० | ५२५०० | ५२५०० |
| जम्मा | | | | | | २०५२५०० |

७७.३ आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ मा प्रचलित कानुन बमोजिम प्राप्त हुने राजस्व रकम सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ ।तर यस गाउपालिका अन्तरगतका ९ वडाका वडा सचिबहरुले वडामा सिफारिस दस्तुर र मालपोत बापतको रकम समयमा दाखिला नगरी लेखापरीक्षणवाट औल्याएपछि मात्र दाखिला गर्ने गरेको देखियो ।प्रचलित कानुन बमोजिम समयमा दाखिला नगरी लेखापरीक्षणको क्रममा दाखिला गरेको केही उदाहरण निम्नानुसार छन ।प्राप्त रकम समयमै दाखिला गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

| वडा नं | प्राप्त विवरण अनुसार असुली | लेखापरीण पूर्व दाखिला | लेखापरीणवाट औल्याएपछि दाखिला |
|---|---|---|---|
| १ | ३३८४२ | ३२४७७ | १३६५ |
| २ | ८३८४० | ४३८४० | ० |
| ३ | १२९५० | ० | १२९५० |
| ४ | ३६३३६ | २०००० | १६६३६ |
| ५ | ३८९८९ | २३९४० | ५६५० |
| ६ | १६५८७ | ४५२ | १६१३५ |
| ७ | ७७५०० | ० | ७७५०० |
| ८ | ३०२८५ | ० | ३०२८५ |
| ९ | ३१६७९ | ३०४६० | १२२० |
| जम्मा | | | १६१४७१ |

७७.४ गाउपालिकाले राजस्व उठाउन प्रयोग गर्ने नगदी रसीद गत बर्षको मौज्दात यो बर्ष छपाइ मध्ये के कती कुन कुन कर्मचारीलाइ बुझाइएको र सो मध्ये कति प्रयोग भयो र कति मौज्दात रहेको छ सो खुल्ने रसिद नियन्त्रण खाता राख्नु पर्नेमा २०७९ बैसाख

| | | | | |
|---|---|---|---|---|
| | | | अगाडीको सो खाता राखेको छैन । रसिद नियन्त्रण खाताको अभावमा वडा सचिबले पेश गरेको नगदी रसिदलाइनै आधारमानी लेखापरीक्षण गरीएको छ ।रसिद नियन्त्रण खाताको अभावमा प्राप्त राजस्वको यथार्थता यकिन हुन सकेन ।तसर्थ नगदी रसिद नियन्त्रण खाता राखी आन्तरिक नियन्त्रण व्यवस्थालाई प्रभावकारी बनाउनु पर्दछ । | |
| ७८ | | | **पारिश्रमीक कर**- आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम करयोग्य आयको पहिलो १ लाखमा १० प्रतिशत त्यस पछिको २ लाखमा २० प्रतिशत र ७ लाख ५० हजार देखि २० लाखसम्म ३० प्रतिशतका दरले पारिश्रमिक कर लाग्ने व्यवस्था छ । गाउँपालिकाका देहायका कर्मचारीहरुको बार्षिक तलब भत्ता, प्रोत्साहन भत्ता, सट्टा विदा तथा अन्य सुविधा बापतको रकममा देहायको पारिश्रमिक कर कट्टा गरी दाखिला हुनुपर्नेमा भएको नदेखिएकोले असुल गरी दाखिला हुनपर्ने रकम रु. | ४४३,४०१.६७ |

| दर्जा | नाम | कर योग्य आय | बार्षिक कर | कर दाखिला | घटी कर |
|---|---|---|---|---|---|
| स्वा छैठौ | लाल बावु प्रसाद साह | ६०९४०६ | २६३८१.२ | ६०९४.०६ | २०२८७.१४ |
| अ. छैठों | रामईश्वर राय | ५४३९८७ | १३८९८.७ | ५४३९.८७ | ८४५८.८३ |
| अ. छैठों | पुनितलाल राय यादव | ५४३९८७ | १३८९८.७ | ५४३९.८७ | ८४५८.८३ |
| पशु चि. | विरवल चौधरी | ६३१३२३ | ३०७६४.६ | ६३१३.२३ | २४४५१.३७ |
| अ. छैठों | रामरुप राय | ६२३१५६.५ | २९१३१.३ | ६२३१.६ | २२८९९.७ |
| अ. छैठों | सूरेन्द्र कूमार साह | ६३३९५६.५ | ३१२९१.३ | ६३३९.५ | २४९५१.७ |
| अ. छैठों | विन्दालाल राय | ६३३९५६.५ | ३१२९१.३ | ६३३९.५ | २४९५१.७ |
| अ. छैठों | राम बहादूर साह | ५६९१०४.७ | १८३२०.९ | ५६९१ | १२६२९.८ |
| अ. छैठों | रामफ्रेस साह | ६३६८८९.२ | ३१८७७.८ | ६३६८.८ | २५५०८.९ |
| अ. छैठों | नन्दलाल साह | ७०९१०५.२ | ४६३२१. | ७०९१.१ | ३९२३०.० |
| अ. छैठों | रासनारायण साह | ६५६८८९.२ | ३५८७७.८ | ६५६८.८ | २९३०८.९ |
| अ. छैठों | दिनेश राय | ५८२१३६.२ | २०९२७.२ | ५८२१.३ | १५१०५.८ |

| | | | | | |
|---|---|---|---|---|---|
| अ. छैठों | यूगल किशोर साह | ६२१९३८.६ | २८८८७.७ | ६२१९.३ | २२६६८.३ |
| अ. छैठों | सूभाष कूमार यादव | ५९१३००.३ | २२७६०.१ | ५९१३. | १६८४७.१ |
| स. पांचौं | विनोद कूमार राय | ४७८८०८.२ | ७३८०.८ | ४७८८ | २५९२.७ |
| स. पांचौं | राकेश राय | ५७१२५६.२ | १८७५१.२ | ५७१२.६ | १३०३८.७ |
| स. पांचौं | रामध्यान अधिकारी | ५६२२८८.५ | १६९५७.७ | ५६२२.९ | ११३३४.८ |
| स. पांचौं | शम्भुनाथ महतो | ५५५५९४.१ | १५६१८.८ | ५५५५.९ | १००६२.९ |
| स. पांचौं | विश्वनाथ ठाकूर | ४७७९०१.९ | ७२९०.१ | ४७७९ | २५११.१ |
| अ. छैठों | उमेश कूमार यादव | ५७८९५८. | २०२९१.६ | ५७८९.६ | १४५०२.० |
| अ. छैठों | शिवशंकर प्रसाद यादव | ५५७२९९.७ | १५९५९.९ | ५५७३. | १०३८६.९ |
| स. पांचौं | किशोरी राय यादव | ५१६२६८.६ | १११२६.८ | ५१६२.६ | ५९६४.१ |
| स. पांचौं | राम एकवाल राय | ४९७१३५.६ | ९२१३.५ | ४९७१.३ | ४२४२.२ |
| स. पांचौं | विरेन्द्र किशोर मिश्र | ५८४२१८.२ | २१३४३.६ | ५८४२.२ | १५५०१.५ |
| स. पांचौं | किरण कूमारी यादव | ५३०६१८.२ | १२५६१.८ | ५३०६.१ | ७२५५.६ |
| स. पांचौं | मिथिलेश देवी साह | ५३०६१८.२ | १२५६१.८ | ५३०६.१ | ७२५५.६ |
| अ. छैठों | श्यामबाबू अधिकारी | ५८१८३१.२ | २०८६६.२ | ५८१८.३ | १५०४७.९ |
| स. पांचौं | नन्दलाल साह | ४८१६२७.८ | ७६६२.७ | ४८१६.२ | २८४६.५ |
| स. पांचौं | पूनिता कूशवाहा | ५१२३१६.१ | १०७३१.६ | ५१२३.२ | ५६०८.४ |
| स. पांचौं | अनिता देवी | ५०५९४६.७ | १००९४.६ | ५०५९.४ | ५०३५.२ |
| स. पांचौं | प्रमोद कूमार साह | ५००५३४.१ | ९५५३.४ | ५००५.३ | ४५४८.० |

| | | | | | |
|---|---|---|---|---|---|
| स. पांचौं | यशोधा देवी ठाकूर | ५३०६१८.२ | १२५६१.८ | ५३०६.१ | ७२५५.६ |
| स. पांचौं | रामसागर साह | ४७९४८७.८ | ७४४८.७ | ४७९४.८ | २६५३.९ |
| | | | | जम्मा | ४४३४०१.१ |